जि.प्र.का. भक्तपुर दर्ता नं. ६२/०६३/६४

www.thimitimes.com.np

थिमि न्यायसम्म साप्ताहिक

थिमि टाइम्स साप्ताहिक

THIMI TIMES WEEKLY

हाम्रो मध्यपुर

वर्ष १२ | अङ्क ४ | ने.सं. ११३८ दिल्लागाः एकादशी २०७५ साउन २३ बुधबार | 8 Aug. 2018 Wednesday | पृष्ठ ६ | मूल्य रु १०/-

PROMOTIONAL FUTSAL
फोन नं. ०१-६२१२८२१
मध्यपुर थिमि – ३, गठ्ठाघर
साझा पेट्रोल पम्प पछाडि

सुनवाई समितिबाट प्रधानन्यायाधीश अस्वीकृत

काठमाडौं । हालै संसदीय सुनवाई समितिले प्रधानन्यायाधीशमा दीपकराज जोशीलाई अस्वीकृत गरेको छ । जोशीलाई अस्वीकृत गरिएको प्रकरणबारे विभिन्न पक्षहरुसँग भेटेर यसको भित्री कथा खोतल्ने प्रयास गरेको छ । प्राप्त विवरणहरुले के देखाएका छन् भने दीपकराज जोशीको नाम अस्वीकृत हुनुमा उनी आफैं पनि दोषी देखिएका छन् । उनले व्यवहारमा ढंग पुऱ्याएको भए प्रधानन्यायाधीश बन्न सक्ने सहज परिस्थिति रहेछ, तर जोशीले पटक्कै ढंग पुऱ्याएनन् ।

त्यसैगरी कांग्रेसले पनि ढंग पुऱ्याउन सकेनछ । संसदीय सुनुवाइ समितिमा रहेका कांग्रेस सांसद ज्ञानेन्द्रबहादुर कार्की र पुष्पा भुसालहरुले अलिकति बुद्धि पुऱ्याएको भए नेकपाका सांसदहरुले जोशीको नाम स्वीकृत गरिदिने परिस्थिति रहेछ, जसलाई कांग्रेसले उपयोग गर्न जानेन ।

सुनुवाई समितिले प्रस्तावित प्रधानन्यायाधीश दीपकराज जोशीसँग साउन १० गते सुनुवाई गरेको थियो । सुनुवाई सुरु हुनुअघिसम्म सबै सांसदहरु अनुमोदन गर्ने मुडमै थिए । नेकपाका सांसदहरु पनि जोशीलाई अनुमोदन हुन नदिने लाइनमा थिएनन् । सत्तारुढ नेकपाका सांसदहरुले 'भर्खर डा. गोविन्द केसीको अनसनका कारण सरकार दबावमा परेको छ, अदालतलाई चलाउँदा फेरि अर्को विवादमा पर्छ । बरु सामान्य प्रक्रिया पुऱ्याएर अनुमोदन गरौं' भन्ने मुड बनाएको नेकपाका नेताहरु बताउँछन् ।

तर, सुनुवाईका दिन जोशीको प्रस्तुतीले अल्छी लागेको नेकपाका एक सांसदले सुनाए । 'सुनुवाईमा प्रस्तुत हुँदा सुशीला कार्कीले थर्काएर जानुभयो । कल्याण श्रेष्ठले अस्वीकार गरे गर्नुस् भन्नुभयो' विगतका सुनुवाईको प्रशंग सुनाउँदै ती नेताले भने, 'जोशीले पनि आफ्ना कुरा राखेर विगतमा काम गर्दा कमी कमजोरी भयो होला तर, अदालतको नेतृत्व गर्ने मौका दिनुभयो भने काम गरेर देखाउँछु भनेको भए हामी पनि अनुमोदन गर्ने पक्षमा थियौं । तर, उहाँको प्रस्तुतीले अल्छी लाग्यो । यस्ता कमजोर व्यक्तिले कसरी न्यायालय हाँक्छन् भन्ने प्रश्न हाम्रो मनमा उब्जियो ।' र, त्यो दिन सुनुवाई समितिका सदस्यहरुलाई प्रभावित गर्न नसक्नु जोशीका लागि दुर्भाग्य बन्यो ।

सुनुवाई सकिएको भोलिपल्ट ११ साउनमा बालुवाटारमा संसदीय दलको बैठक सकेर नेपाल कम्युनिस्ट पार्टीका सांसदहरु बाहिरिँदै थिए । प्रधानमन्त्री ओलीले इशारा गरेपछि सुनुवाइ समितिमा रहेका सुरेन्द्र

बाँकी अन्तिम पृष्ठमा

भक्तपुरमा फेरि डुवानको चर्चा

भक्तपुर । भक्तपुरमा खोलाका किनाराहरु अतिक्रमण गरी वस्ती बसाल्दा राधे राधे र हनुमानघाट खोला आसपासको साथै व्यासी लगायतका क्षेत्र डुवान पर्ने गरेका छन् । खोलाको मापदण्ड फराकिलो पार्ने तर्फ स्थानीय तहले वेवास्ता गर्दा भक्तपुरका उक्त क्षेत्र हरेक वर्ष डुवानमा पर्ने गरेको छ ।

पहिला पनि यस क्षेत्रमा डुवान हुने भए पनि यस क्षेत्रमा वस्ती नहुँदा डुवानको चर्चा हुँदैन थियो तर तिब्र सहरीकरणसँगै भक्तपुरका बिभिन्न क्षेत्रमा डुवानको चर्चा हुने गरेको छ । हरेकबर्ष जस्तै स्थानीय तहले खोलाको मापदण्ड फराकिलो नपार सम्म बर्षाको समयमा डुबान निश्चित रहेता पनि स्थानीय तहहरुको भने हाल सम्म ध्यान जान सकेका देखिँदैन ।

खोला मापदण्ड साँघुरो हुनु, खोला किनारा आसपासमा वस्ती बढ्दै गएको र पहिलाको तुलनामा अहिले खोलाको सतह माथि रहेकाले यस क्षेत्र डुवानमा पर्ने गरेको स्थानीयहरु बताउँछन् । भक्तपुर बाढीको कहरमा डुबेको बिषयले जति चर्चा पाएको छ यो सतह भन्दा माथी उठेर गरिएको चर्चा स्थानीयहरु बताउँछन् । उनीहरुको भनाई रहेको छ बस्ती बिस्तार गर्दा ध्यान दिन नसक्नु र खेती योग्य जमीनलाई खण्डिकरण गर्दा भक्तपुरको हनुमन्ते खोलाको बहाव थेग्न नसक्दाको परिणाम खोला आसपासका बस्तीले खेप्नु परेको हो ।

हरेक बर्ष डुबानमा पर्दै आएको राधे राधे नजिकको आसपास क्षेत्रकै कारण भक्तपुर डुबानमा परेको चर्चा पाएको हो । राधे रोध क्षेत्र हरेक बर्ष डुबानमा पर्दै आएको सबैलाई जानकारी भएको बिषय हो । यस क्षेत्रमा बिगतमा बस्ती नहुँदा खेत

बाँकी अन्तिम पृष्ठमा

बजार प्रतिनिधी आवश्यकता

यस भुँलाखेल बचत तथा ऋण सहकारी संस्था लि.को लागि केही बजार प्रतिनिधी आवश्यक परेको हुनाले इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफ्नो बायोडाटा सहित यस संस्थामा सम्पर्क गर्नुहोला ।

पद : बजार प्रतिनिधी
संख्याः केही
तलब सुबिधाः संस्थाको नियमानुसार
न्यूनतम योग्यताः एस.एल.सी. वा एसईई
ग्राह्यताः स्थानीय व्यक्ति
सम्पर्क समय : बिहान ७ बजे देखि दिउँसो १ बजे सम्म

भुँलाखेल
बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि-५, भुँलाखेल, भक्तपुर
फोन नैं ०१-६६३०३८३

"आर्थिक तथा सामाजिक समृद्धिको साझेदार"

प्रतिबद्धता

१० औं स्थापना दिवस

आज देखि हामी स्थापनाको दशौं बर्षमा प्रवेश गरेका छौं । यस अवधिमा हामीलाई निरन्तर रुपमा साथ, सहयोग र शुभेच्छा प्रदान गर्दै आत्मविश्वास बढाउन सहयोग गर्नु हुने सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा कर्तव्यनिष्ठ कर्मचारी वर्ग तथा शुभेच्छुकहरुमा हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछौं ।

आगामी दिनमा पनि सदस्यहरुलाई उत्कृष्ट सेवा प्रदान गर्दै सहकारीको माध्यमबाट राष्ट्रको आर्थिक तथा सामाजिक समृद्धिको लागि समर्पित रहने प्रतिबद्धता जाहेर गर्दछौं ।

रमेश श्रेष्ठ
अध्यक्ष तथा

सिद्धार्थ
बचत तथा ऋण सहकारी संस्था लि., परिवार
मध्यपुर थिमि-४, शंखधरचोक, भक्तपुर
फोन नैं ०१-६६३३२४६

रक्तदान सम्बन्धी सूचना

यस संस्थाको १८ औं बार्षिकोत्सवको उपलक्ष्यमा बृहत खुल्ला रक्तदान कार्यक्रम आयोजना हुने भएकोले सम्पूर्ण सदस्य तथा सर्वसाधारणलाई सो रक्तदान कार्यक्रममा सहभागी भई कार्यक्रम सफल पारी दिनु हुन हार्दिक अनुराध गर्दछौं ।

कार्यक्रम
मितिः २०७५ श्रावण २६ गते शनीवार
समयः बिहान ८ बजे
स्थानः संस्थाको प्राङ्गण (नागरिक अस्पतालसँगै)

मध्यपुर
बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि-३, गठ्ठाघर, भक्तपुर
फोन नैं ०१-६६३९३३८, मो. ९८५१०७३६०७

स्तरीय स्वदेशी तथा बिदेशी कपडाका साथै भरपर्दो सिलाईको लागि
श्याम श्रेष्ठ
९८४१२८०४०३
हिसी टेलर्स
Hisee Tailors
लेडिज एण्ड जेन्ट्स
सर्टिङ्ग
मध्यपुर थिमि-१३, शंखधरचोक
अफिस, स्कूल र कलेजको ड्रेस सिलाउनुका साथै टाई पिन पनि पाईन्छ ।

स्तरीय स्वदेशी तथा विदेशी सर्टिङ्ग सुटिङ्गको लागि सदा सम्झनुहोस् ।
एम. एम. इम्पेक्स
M. M. IMPEX
जेन्स् एण्ड लेडिज सर्टिङ्ग सुटिङ्ग सेन्टर
मध्यपुर थिमि-३, सुन्दरनगर, चारदोबाटो
(बालकोट जाने बाटोमा)
मोबाइल नं. : ९८१३००२५३८, ९८६११०१०७५
हामी माघ १ बाट यहाँ सऱ्यौं ।
यहाँ राष्ट्रिय पोसाक दौरा सुरुवाल, तथा स्कूल कलेज, अफिसको ड्रेसका साथै सबै प्रकारका सर्टिङ्ग सुटिङ्गको कार्य गरिन्छ ।

रेमिटेन्स सेवा
IME, WESTERN UNION MONEY TRANSFER, CITY EXPRESS, NepalRemit, MoneyGram, himal remit, Yes Remit, MEGA REMIT, pay remit, SEWA
Regd: 152520/073/074, PAN: 604291697
देशविदेशबाट पठाएको पैसा पाउन र देशभर पैसा पठाउनको लागि
SBK International Pvt. ltd.
Shankhadhar Chowk, Madhyapur Thimi-4, Bhaktapur, Nepal
Contact: 01-6630730, 9851037162, 9841853025, 9841239691
यचु पार्टी भेन्यू

शुभ श्री बैंक्वेट
(पार्टी प्यालेस)
सुबिधा सम्पन्न रमणिय पारिवारिक वातावरणमा विवाह, ब्रतवन्ध, तथा अन्य शुभकार्य लगायत सेमिनार एवं आउटडोर इनडोर क्याटरिङ्गका साथै कुक वेटरहरु चाहिएमा हामीलाई सम्झनुहोस् ।
सम्पर्कः ६६३८७३४, ९८४१४७७८५२, ९८४१८६५५९४
सिद्धिकालीचोक, मध्यपुर थिमि-४ भक्तपुर

ऐतिहासिक नगरी मध्यपुर थिमिमा सबैभन्दा ठूलो व्यापारिक स्थल
मध्यपुर मार्ट
M MART 1
मध्यपुर थिमि ६, नगरपालिका मार्ग
हाम्रा विशेषताहरु:
- २४ सै घण्टा सुरक्षागार्डको व्यवस्था ।
- पूर्णरुपमा सि.सि क्यामरा जडित मार्ट ।
- पर्याप्त पार्किङ्गको व्यवस्था ।
- पर्याप्त सरसफाईको व्यवस्था ।
- व्यापारिक स्थलभित्र खुल्ला तथा फराकिलो बाटो ।
Email: madhyapurmart@gmail.com

अब उपभोक्तालाई क्षतिपूर्ति माग्ने अधिकार

काठमाडौं । नेपालमा पहिलोपटक उपभोक्ताले क्षतिपूर्ति पाउन सक्ने गरी कानुनी व्यवस्था प्रस्ताव गरिएको छ। उपभोक्ता हित संरक्षणलाई एकीकरण गर्न बनेको विद्येयकमा उपभोक्ताले आफूलाई कुनै सेवा उपभोग गर्दा कुनै प्रकारको हानी भए त्यसको क्षतिपूर्ति दाबी गर्न सकिने उल्लेख छ ।

मन्त्रिपरिषदबाट पारित भएर संसदमा दर्ताका लागि गएको विद्येयकमा कुनै उत्पादक वा सेवा वितरकका कारण स्वस्थ्य तथा अन्य कुनै पनि किसिमका हानी नोक्सानी भएमा उपभोक्ताले क्षतिपूर्ति पनि माग्न सक्ने र प्राप्त गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको हो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव नवराज ढकालका अनुसार उपभोक्ताको अधिकारलाई बलियो बनाउन उत्पादक, सेवा प्रदायक र सरोकार वालालाई जिम्मेवार बनाउन यस किसिमको व्यवस्थासहितको ऐन प्रस्ताव गरिएको जानकारी दिनु भएको छ ।

'मान्नुस् तपाईंले कुनै खाद्यवस्तु प्रयोग गर्दा तपाईंको स्वास्थमा गम्भीर असर पर्‍यो । आफूलाई त्यसका कारण भएको क्षतिपूर्तिको दावी तपाईंले अदालतमा उत्पादक तथा वितरक विरुद्ध मुद्दा दायर गर्न सक्नुहुन्छ,' ढकालले भने,'उपभोक्ताले आफ्नो वातावरण प्रतिकुल हुने गर ी कुनै काम भएमा पनि क्षतिपूर्ति दावी गर्न सक्नेछन् ।'

यसले विकास निर्माणको काम गर्दा धुलो धेरै उडेर स्थानीयको स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भएमा प्रमाणसहित क्षतिपूर्तिको दावी पेश गर्नसक्ने बाटो पनि खुलेको छ । प्रस्तावित ऐनमा वस्तु तथा सेवा आपूर्तिमा रहेका विभिन्न तहका बिचौलियालाई निरुत्साहित गर्ने गर ी विभिन्न प्रस्ताव गरिएका छन् । विद्येयकमा बजारमा सरकारले नै आपूर्तिकर्ताको तह निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने विषय उल्लेख छ ।

अहिले तरकारी, खाद्यान्न लगायतका उपभोग्य वस्तुमा धेरै तहमा बिचौलिया सक्रिय रहेका कार ण उत्पादकले पाउने मूल्य र उपभोक्ताले तिर्ने मूल्यमा ब्यापक अन्तर पर्ने गरेको छ ।

यस्ता कारण हुने अस्वाभाविक मूल्यवृद्धि र ठगीलाई नियन्त्रण गर्न बजारको तह निर्धारण गर्न सक्ने गरी ऐन संशोधन गर्न प्रस्ताव गरि एको सहसचिव ढकालले जानकारी दिए । विद्येयकमा पहिलोपटक उपभोक्ता अदालत गठनको प्रस्ताव पनि गरिएको छ। उपभोक्ता सम्बन्धी मुद्दाहरु उपभोक्ता अदालतमा दायर हुने भएका छन् । हाल जिल्ला अदालतमा मुद्दा दायर गर्दा न्याय प्रक्रियामा ढिलासुस्ती हुने र बदमासी गर्नेले तत्कालै सजाय नपाउने अवस्था छ ।

अब उपभोक्ता अदालतमार्फत नै उपभोक्ता हितसँग जोडिएका मुद्दाको छिनोफानो गरिने भएको ढकालले बताए । यस्तै प्रस्तावित ऐनमा उपभोक्ताले खरिद गरेको सामानमा कैफियत भेटेमा ७ दिनभित्र फिर्ता गर्न सक्ने व्यवस्था पनि उल्लेख छ। अहिले बिक्री भएको सामान फिर्ता लिन प्राय: व्यवसायीले अस्वीकार गर्ने गरेका छन् ।

यस्तै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई बलियो बनाउने गरी विभिन्न व्यवस्था पनि गरिएको छ। अब उपभोक्ताको हित विपरित काम गर्ने उद्योगी/व्यवसायीलाई विभागले नै कारबाही गर्न सक्ने अधिकार दिइएको छ। उपभोक्ताको हितको सवालमा लापरवाही गर्नेहरुलाई विभागको महानिर्देशकले नै हिरासतमा लिएर अनुसन्धान गर्न सक्ने अधिकार दिने प्रस्ताव छ । अहिलेसम्म जिल्ला प्रशासन कार्यालय र अदालतलाई नगुहारी तत्काल कारवाही गर्न सम्भव थिएन ।

गम्भीर लापरवाही गर्ने, कालोबजारी गर्ने, कत्रिम अभाव सिर्जना गर्ने लगायतलाई विभागका महानिर्देशकले सोझै १ वर्षसम्म कैद र ३ लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने विद्येयकमा उल्लेख छ । अनुगमन टोलीलाई 'अन द स्पट' कारवाही गर्न सक्ने गरी अधिकार पनि दिइँदैछ। बिल नदिने, मुल्यसूची नराख्ने, अत्याधिक मुनाफा राख्ने, सडेगलेका, गुणस्तरहीन र म्याद नाघेका सामग्री बिक्री गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने, नापतौल मेसिन बिगार्ने, लेबल विहीन सामान बेच्ने, उपभोक्तालाई विभिन्न तवरले ठग्ने गरेको पाइएमा अनुगमनमा गएका अधिकारीले बिक्रेता, उत्पादक, सञ्चयकर्ता, ढुवानीकर्तालाई २० हजारदेखि ३ लाख रुपैयाँसम्म जरि वाना गर्न सक्ने व्यवस्था प्रस्ताव गरि एको छ । बजारलाई स्वच्छ तथा प्रतिस्पर्धी बनाउने गरी तयार भएको विद्येयक मन्त्री परिषदबाट पारित भएको प्रवक्ता ढकालले बताए । विधेयकले सुपथ मूल्यको पसल सञ्चालनको विषय पनि समेटेको उनले जानकारी दिए ।

घरघरमा जोडियो ग्यासको पाइपलाइन

बिराटनगर । वडा नम्बर १४ स्थित जतुवाकी द्रोपदी यादव सधैंझैं भान्सामा खाना बनाउन तल्लीन देखिन्थिन् । आफ्नै जीवनकालमा पाइपबाट भान्सासम्म ग्यास आउला भनेर उनले सोचेकै थिइनन् । तर,



आयो। भान्सामा आलु ताछ्दै द्रोपदीले भनिन् 'अब हाम्रा पनि सुखका दिन आएजस्तै लागेको छ । अब ग्यास सकियो भन्दै सिलिण्डर बोकेर पसल-पसल चाहार्ने दिन गए ।'

द्रोपदीजस्तै जतुवाबासीका लागि अब सिलिण्डर बोकेर पसल चाहार्नुपर्ने दिन सकिएको छ । जतुवाबासीको घररघरमा पाइपलाइनबाट वायोग्यास पुगेपछि स्थानीयहरु ग्यास जोहोको लागि भौंतारिने दिनको अन्त्य भएको हो । भारतीय नाकाबन्दीको कहर झेलिर हेका आम नागरिकलाई आश्वस्त पार्दै गतवर्ष प्रधानमन्त्री ओलीले भनेका थिए, अब सिलिन्डर युग सकियो, प्याट्ट खोल्यो, चुल्हो बाल्यो ।'

'हावादारी सपना' बाँडेको भन्दै ओलीको चर्को आलोचना भए पनि अहिले बिराटनगरको जतुवा इलाकामा भने सिलिन्डर युग सकिएको छ । जतुवामा रहेको श्रीकृष्ण गौशालाबाट निकालिएको वायो ग्यास एक किलोमिटर आसपासका क्षेत्रमा पाइपलाइन मार्फत स्थानीयका घर-घरमा वितर ण गरिएको छ ।

पहिलो चरणमा ३२ घरले बिहीबारदेखि पाइपबाट आएको वायोग्यासबाट खाना पकाउन थालेकाछन् । थप सय घरमा वायो ग्यास पुर्‍याउने योजनासहित जतुवा क्षेत्रमा अहिले धमाधम पाइप बिछ्याउने काम भइरहेको छ। ग्यास उत्पादनका लागि गौशाला परिसर मा ३ सय घनमिटर प्लान्ट जडान गरिएको छ। पाइपबाट वायो ग्यास वितरण गर्ने योजनासहित डेढ वर्ष अघिदेखि यो परियोजना निर्माण कार्य अघि बढाइएको थियो ।

तीन दशकदेखि सञ्चालनमा र हेको गौशालाबाट बायोग्यास निकालेर 'परीक्षण स्वरुप ३२ घरमा चुलो वाल्ने काम शुरु गरेका छौं,' श्रीकृष्ण गौशाला संस्थाका अध्यक्ष शंकरलाल अग्रवालले भने, 'परीक्षण काललाई अब नियमित गर्नेतर्फ लागेका छौं ।'

प्रत्येक घरमा दुईटा चुल्हो बाल्न मिल्ने सामान न्यूनतम मूल्यमा गौशालाले उपलब्ध गराएको छ । ३३ वर्षअघि 'गाईको वृद्धाश्रम' का रूपमा सुरु गरिएको गौसेवा सदनमा अहिले दुई सयभन्दा बढी गाई र बाच्छाबाच्छी छन्। ८५ लाख रुपैयाँ लागतमा ग्यास प्लान्ट, पाइपलाइन र अन्य संरचना निर्माणको काम पूर ा भएको छ। ग्यास प्लान्ट जडान र अरू प्राविधिक कामका लागि भार तको गुजरातबाट आएका प्राविधिक र नेपाली प्राविधिकहरुले काम गरिर हेका छन ।

गैशालाका व्यवस्थापक महिचन्द्र यादवका अनुसार गौशालामा २ सय ५ गाई र बाच्छाबाच्छीबाट दैनिक करिब २ हजार किलो गोबर निस्कन्छ । त्यही गोबरलाई जम्मा पारेर ग्यास प्लान्टमा राखिन्छ। त्यहाँबाट ग्यास उत्पादन गरी जम्मा गर्ने प्लास्टिकको ठूलो ट्यांकी जडान गरिएको छ । त्यसैबाट पाइपमार्फत घरघरमा ग्यास पुग्नेछ ।

'हामीले यो नाफा कमाउने उद्देश्यले गरेको होइन,' अग्रवालले भने, 'हरेक घरमा मिटर राखिएको हुन्छ, जति ग्यास प्रयोग हुन्छ, त्यही मिटरमा उठेको शुल्क लिइनेछ र यो बजारमा पाइने एलपी ग्यासभन्दा गुणस्तरयुक्त हुन्छ र मूल्यमा पनि सहुलियत हुन्छ ।' एक सिलिन्डर बराबरको अर्थात् १४ केजी एलपी ग्यासको मूल्यभन्दा ३ सय कम पर्न जाने सञ्चालकहरु बताउँछन् ।

ग्यास प्लान्टका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले सघाएको छ। उसको ८० प्रतिशत र एवं स्थानीय उपभोक्ताको २० प्रतिशत लगानी यसमा रहनेछ । प्लान्ट र वितरण प्रणाली निर्माणको रेखदेख केन्द्रका प्रतिनिधिले पनि गरिरहेका छन ।

गौशालामा निकै अघिदेखि जैविक मल उत्पादन गरी किलोको १२ रुपैयाँमा बिक्री गरिँदै आएको छ । यहाँबाट दैनिक झन्डै ६० लिटर मात्रै दूध बेच्ने गरिएको छ । यहाँ सुरुमा अन्यत्रबाट ल्याएर गाईहरु र ाखिएको थियो। पछि त्यहीँ जन्मेका गाईको संख्या दुई सय नाघेको छ। यहाँका गाई र बाच्छाबाच्छी अन्यत्र लगिँदैन, यहीँ जन्मन्छन् र यहीँ मर्छन् । गौशाला व्यवस्थापनले मरेका गाईको विधिपूर्वक अन्तिम संस्कार गरिदिने गरेकोत छ ।

बालकुमारी सहकारीको साधारण सभा सम्पन्न

मध्यपुर थिमि । शंखधरचोकमा रहेको हाल कराँते लगायतका खेलको प्रशिक्षण हुने मध्यपुर थिमिको पुरानो तत्कालिन समयमा मलको सहज र सुलभ तरिकाले बिक्री बितरण गर्ने उद्देश्यबाट खोलिएको बालकुमारी सहकारी संघको बार्षिक साधारण सभा सम्पन्न भएको संस्थाका कार्यबाहक अध्यक्ष कान्छा श्रेष्ठले बताउनु भएको छ ।

सरकारले सुरु गर्‍यो उपनिर्वाचनको तयारी

काठमाडौं । सरकारले स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाको उपनिर्वाचन गराउने तयारी सुरु गर को छ । यसै विषयलाई लिएर प्रधानमन्त्री केपी शर्मा ओलीले निर्वाचन आयोगका पदाधिकारीसँग छलफल गरेका छन्। उपनिर्वाचनका लागि सबभन्दा पहिले स्थानीय तह निर्वाचन ऐन २०७३ संशोधन गर्नुपर्ने छ । स्थानीय तहमा मात्रै १९ जिल्लाका प्रमुख, गाउँपालिका अध्यक्ष, वडा अध्यक्ष, वडा सदस्य लगायतका २०७ पद रिक्त छन् ।

२०७४ सालको स्थानीय तह निर्वाचनमा उम्मेदवारी नै नपरेका कारण १८० पद रिक्त थिए। त्यसमा दलित १७५ र सोलुको नेचा सल्यान गाँउपालिका वडा नम्बर ६ तिङ्लामा कुनै पनि उम्मेदवारले उम्मदवारी नदिएका कारण खाली छ । त्यस्तै एक नगर प्रमुख, एक गाँउपालिकाका अध्यक्षको मृत्यु भएको छ भने एक वर्षको अवधिमा १६ वडाध्यक्षको मृत्यु भएको आयोगका शाखा अधिकृत घमचन्द तिम्सिनाले जानकारी दिए ।

प्रदेशसभा तर्फ भक्तपुर जिल्लाबाट प्रदेशसभामा निर्वाचित हरिशरण लामिछानेको निधन भएकाले प्रदेशसभा सदस्य एक पद खाली भएको छ भने मनाङ जिल्लाबाट प्रदेशसभामा निर्वाचित राजीव गुरुङ (दिपक मनाङ्गे) निवा्चित भएर पनि फौजदारी अभियोगमा थुनामा रहेकाले त्यहाँ पनि निर्वाचन हुने सम्भावना छ । यसैगरी, राष्ट्रिय जनता पार्टी नेपालबाट कैलाली जिल्लाको क्षेत्र नं। १ मा निर्वाचित रेशमलाल चौधर ीले हालसम्म शपथ ग्रहण भएको छैन । उनी थुनामा रहेकाले मुद्दाको टुङ्गो नलागेसम्म केही भन्न सकिने अवस्था छैन ।

प्रश्नपत्र हराएपछि सिटिइभिटीको परीक्षा स्थगित

काठमाडौं । देशैभरका निजी इन्स्टिच्युटमा हुने प्राविधिक शिक्षाको परीक्षा स्थगित भएको छ। आइतबार प्रश्नपत्र हराएपछि देशैभरका निजी इन्स्टिच्युटमा हुने प्राविधिक शिक्षाको प्रवेश परीक्षा स्थगित गरिएको हो । सोमबार बिहान सीटीइभीटीले वेबसाइटबाट सूचना प्रकाशित गरी परीक्षा स्थगित भएको जानकारी गर एको छ । दमौलीको गण्डकी टेक्निकल ट्रेनिङ सेन्टरमा ल्याइदै गर को प्रश्नपत्र बाटोमै हराएपछि पर ीक्षा स्थगित गरिएको सीटीइभीटीले जानकारी दिएको छ ।

सोमबार हुने परीक्षाका लागि आइतबार सेन्टरका शिक्षक प्रेमचन्द्र यादवले प्रश्नपत्र लिएर आउँदै गर्दा आफू दुर्घटनामा परेको बताएका थिए । आइतबार डुम्रे नजिकैको पृथ्वी र ाजमार्गमा दुर्घटनामा परेको बताएका यादवले प्रश्नपत्र रहेको झोला समेत हराएको भनेपछि खोजी गरिएको थियो । सोमबार बिहानसम्म पनि प्रश्नपत्रको झोला खोज्न प्रहरी परि चालन गरिएको भएपनि नभेटिको प्रहरी उपरीक्षक सिद्धिविक्रम शाहले बताए । घाइते भनिएका यादवले मोटरसाइकल दुर्घटनालगत्तै अस्पताल जानु परेको र पछि घटनास्थलमा जाँदा प्रश्नपत्र हराएको बयान दिएको शाहले बताए ।

प्रश्नपत्रको खोजीका लागि प्रहर ीले टोली खटाएको थियो । दिउँसो २ बजे सुरु हुने परीक्षाका लागि बिहानसम्म प्रश्नपत्र नभेटिएपछि सीटीइभीटीले वेबसाइटमा सूचना जारी गरेर परीक्षा स्थगित गरेको जनाएको छ ।

देशैभर दिउँसो २ बजे पूर्ण शुल्कीय तर्फ सीएमए, एएनएम, एग्रीकल्चर, जेटिए लगायतका प्राविधिक विषयका लागि प्रवेश पर ीक्षा लिने तयारी गरिएको थियो । निजी इन्स्टिच्युटमा सोमबार सञ्चालन हुने प्राविधिकतर्फको प्रवेश परीक्षा स्थगित भएको हो ।

सूर्यदर्शन साकोसको आठौं साधारण सभा सम्पन्न

मध्यपुर थिमि । शंखधरचोकमा कार्यालय स्थापना गरि आफ्ना सदस्यहरु बिच बित्तिय कारोवार गर्दै आएको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.ले संस्थाको आठौं बार्षिक साधारण सभा सम्पन्न गरेको छ। यो भक्तपुर जिल्लामा नै सहकार ीहरु मध्ये पहिलो पटक साधारण सभा सम्पन्न गर्ने सहकारी भएको संस्थाका व्यवस्थापक जीवन श्रेष्ठले बताउनु भयो ।

कार्यक्रम नेफस्कूनका पूवै अध्यक्ष एवं सहकारी बिद् कैलाशभक्त प्रधानाङले पानसमा दियो बालेर प्रार म्भ गर्नु भएको सभामा संस्थाका अध्यक्ष तथा सभाका सभापति चन्द्रकृष्ण श्रेष्ठले संस्थाको गतिविधिका साथ आगामी दिनमा संस्थाले गर्ने कार्यहरुको प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो भने कोषाध्यक्ष नविन ध्वों श्रेष्ठले आर्थिक प्रीतवेदन प्रस्तुत गरेको कार्यक्रममा मध्यपुर थिमि नगर पालिका वडा नं. ४ का अध्यक्ष कुमार श्रेष्ठ, जिल्ला सहकारी संघका अध्यक्ष महेश श्रेष्ठले सहकारीको बर्तमान अवस्थाका बारेमा चर्चा गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनु भएको थियो ।

बिशेष अतिथि मध्यपुर थिमि नगरपालिकाका नगर प्रमुख मदनसुन्दर श्रेष्ठले हालै नगरपालिकाले एकिकृत सम्पत्ति कर लागू गरेको बार ेमा बिभिन्न किसिमका भ्रमहरु सिर्जना भई रहेकोमा त्यसको पछि नलाग्न आग्रह गर्नु भयो । नगरबासीले नाम मात्र एकिकृत सम्पत्ति कर भएको तर बास्तवमा सम्पत्ति कर मात्र भएकोले यसलाई सम्पत्ति करको रुपमा लिन पनि आग्रह गर्नु भयो ।

साथै कार्यालयमा पुगेर कर तिर ेपछि मात्र बास्तविकता बुझिने भएकोले हल्लाको पछि नलाग्न आग्रह गर्दै हालको कर नीति बैज्ञानिक र व्यावहारिक भएको दावी गर्नु भयो ।

चीनको विवाह बजारः यहाँबाट जोड्न सकिन्छ वैवाहिक सम्बन्ध

शनिबारको दिन । सिमसिम पानी परिरहेको थियो । झरीको बाबजुद पनि सांघाईको पिपुल्स पार्कमा मानिसहरुको घुँइचो थियो । पार्कको बाटोहरुको किनारमा लहरै उभिएका र बसिरहेका मानिसहरु कित कसैलाई पर्खिरहेका थिए वा एक आपसमा कुराकानी गरिरहेका थिए । पार्कको चहलपहल हेर्न लायक थियो ।

केही मानिस छाता ओढेरै कुरा गरिरहेका थिए भने केहीले बाटो छेउमा आफ्नो छाता राखेर कुराकानी गर्नमा व्यस्त थिए । रंगीचंगी छाताहरु पर्खाल, जमिन रुखमा यसरी राखिएका छन् देख्दा लाग्छ यो छाताको किनबेच हुने कुनै हाट बजार हो ।

कुरा अर्कै छ। पार्कमा धेरै बसेका प्रत्येक मानिसको नजिकै स्ट्याण्डमा एफोर साइजको कागजमा मेन्डेरिन भाषामा युवक र युवतीहरुको बायोडाटा राखिएका थिए। बायोडाटा अर्थात युवक र युवतीको उमेर, वार्षिक तलब, पढाईलेखाईको बेहोरा, जन्मदिन र राशी ।

सांघाईमा सन् २००५ देखि हरेक सप्ताहन्तमा यो विवाहको बजार चलिरहेको छ । त्यसभन्दा पहिले मानिसहरु यो पार्कमा व्यायाम र टहल्नको लागि आउने गर्थे । फेरि उनीहरुले बच्चाहरुको विवाहको लागि भेटघाट गर्न थाले । चीनमा महंगी बढीरहेको छ र युवायुवतीहरुमा आफ्नो पार्टनरलाई लिएर अपेक्षा पनि बढीरहेको छ । यसैले कि त उनीहरु ढिला विवाह गर्छन् वा विवाह नै गर्दैनन् वा फेरि विवाहलाई लिएर उनीहरुको धारणाहरु बदलिँदै गइरहेको छ ।

चाइनिज एकेडेमी अफ सोसल साइन्सेजका अनुसार सन् २०२० सम्म चीनमा अविवाहित केटीहरुको तुलनामा ३ करोड धेरै अविवाहित केटाहरु हुनेछन् । चीन जस्तो तिव्र रुपमा विकास भइरहेको देशमा यस्तो हुनु राम्रो होइन । अमेरिका, जापान, भारत लगाएत धेरै देशहरुमा पनि यस्तै भइरहेको छ । हाम्रो देशमा जस्तै चीनमा पनि छोराछोरीले विवाह गरेनन् भने वा ढिलो गरेमा कैयौं आमाबुबा, नातेदारहरु चिन्तित हुन्छन् ।

पार्कमा हाम्रो भेट ग्रेससँग भयो । ग्रेस अष्ट्रेलियामा बस्छिन् र आफ्नो भान्जा झाङ शी मिंगको लागि युवती खोजिरहेका छन्, तर कैयौं परिवारले उनलाई नाइँ भने । मोबाईलमा मिंगको तस्वीर देखाउँदै उनले भनिन, 'मेरो भान्जा महिनामा ५ हजार युयान (करिब ८० हजार नेपाली रुपैंया) कमाउँछन् तर, युवतीहरुका परिवार कम्तिमा पनि उनले १० हजार युयान कमाउनु पर्ने माग गर्छन् । उनी धेरै नराम्रो स्थितीमा छन् किनभने उनले आफ्नो लागि युवती खोज्न पाइरहेका छैनन् ।'

चीनमा केटाले विवाह भन्दा पहिला नै टाउको लुकाउने छतको व्यवस्था गर्नुपर्छ तर, घरको मुल्य करोडौं पर्न थालेको छ । पार्कमा आएका युवतीहरुको झुण्डमा रहेकी एकले युवतीले हाँस्दै बताइन, 'चीनको सँस्कृति अनुसार विवाहभन्दा पहिले केटाहरुले नै घरको व्यवस्था गर्न पर्छ। हामी केटीहरु चैं फर्निचर किन्छौं ।'

ग्रेसले भनिन, 'यदि मैले कर्जा लिएर भान्जाको लागि घर किनिदिएँ भने पनि उनलाई कर्जा चुकाउन दशकौं लाग्छ । हाम्रो पालामा त सरकारले नै हामीलाई निःशुल्क घर दिने गर्थ्यो। हामीले आफूलाई माया गर्ने साथी मात्रै खोजे पुग्थ्यो ।'

तर, ग्रेसलाई अझै पनि भान्जाको विवाह हुने आशा छ । उनी सही मौका र समयको पर्खिर हेकी छन् । चीनमा पढेलेखेको भएपनि यदि युवतीको समयमै विवाह भएन भने उनलाई 'लेफ्टओभर' अर्थात बचेकीसम्म भनिन्छ । र उनलाई त्यति राम्रो नजरले हेरिँदैनन् ।

ग्रेसले भनिन, 'यहाँ जो युवायुवतीका आमाबुबा आएका छन, उनीहरुको उमेर ३५ को आसपास छ। उनीले राम्रो पढेका छन् र जागिर राम्रो छ । मिस्टर राइट छान्न उनीहरुको स्ट्यान्डर्ड राम्रो छ तर जब यी युवतीहरुको उमेर ढल्किँदै जान्छ भने त्यसपछि उनीहरुलाई आफ्नो माग तल झार्नुपर्छ ।'

चीनमा पुरुषहरुको विवाहको उमेर २२ र महिलाहरुको लागि २० वर्ष सम्म मानिन्छ । खासमा विवाहमा समस्या देखिनको लागि धेरैले सरकारको 'वान चाइल्ड' नीतिलाई जिम्मेवार ठहर्याइन्छ ।

वास्तवमा हाम्रो देशमा जस्तै चीनमा पनि धेरैजसो परिवार आफ्नो घरमा छोरा जन्मियोस् भन्ने चाहन्छन् र 'वान चाइल्ड' पोलिसी पछि कैयौं आमाबुबाले छोरीको सट्टा छोरालाई प्राथमिकता दिए त्यसकारण चीनमा लैगिंक अनुपात असन्तुलित भयो ।

संयुक्त राष्ट्रसंघ जनसंख्या विभागको सन् २०१६ को एक तथ्यांक अनुसार औसतमा १००० छोरा जन्मिदाँ ८६८ छोरी जन्मिएका थिए । पिपुल्स पार्कमा आएका धेरैजसो आमाबुबाका एक मात्र सन्तान थिए । त्यस्तै यो समस्याको लागि शहरीकरणलाई पनि जिम्मेवार मानिएको छ ।

स्थानीय पत्रकार एन्डेरा लियांग भन्छिन, 'चीनमा तिव्र रुपमा बढेको शहरीकरणको कारण धेरै युवाहरु शहरमा आइरहेका छन् । उनीहरु यँही बस्छन् र विवाह गर्न चाहन्छन् तर, धेरै जसो परिवारको एकमात्र सन्तान छन् । युवतीहरु पढेलेखेका छन् र उनीहरुको माग पुरा गर्ने पुरुषको संख्या सिमित छ । उनीहरुलाई गलत युवकसँग विवाह गर्नभन्दा एक्लै बस्नु ठिक लाग्छ ।'

कैयौं बच्चाहरुलाई आफनो आमाबुबा र नातेदारहरु पार्कमा आएको थाहा हुँदैन किनभने यहाँ आउनुलाई परिवारले लाजसँग जोडेर हेर्छन् । खासगरी यदि उनीहरु युवतीका परिवार हुन भने त अझै लजाउँछन् । यसैले क्यामेरा देखेर कैयौं मानिसहरुले नराम्रो माने ।

एडेरा लियांग भन्छिन, 'चीनमा विवाह गर्ने यो पारम्परिक तरिका होइन् । यहाँ आउने कैयौं परिवार रुढीवादी हुन्छन् । यहाँ आउने आमाबुबाका सन्तानहरुको उमेर ३५, ४० वा त्योभन्दा धेरै छ । त्यसैले आमाबुबालाई यहाँ आउनुको अर्को कुनै विकल्प छैन् । यहाँ आफ्नो छोराछोरीको लागि विश्वासिलो साथी खोज्न सकिने उनीहरुको विश्वास छ ।'

तर, कैयौं परिवारका अनुसार यो पार्कमा आमाबुबाको भेट पछि कुराकानी भई छोराछोरीको विवाह पक्का भएको कमै मात्र सुन्न पाइन्छ । कुरा गर्ने कैयौं कोसिस पछि एक युवतीले आफ्नो नाम नबताने सर्तमा भनिन, 'विवाहको लागि यो राम्रो प्लेटफर्म हो जहाँ मानिस आपसमा भेट्न सक्छन् । यदि कुरा मिल्छ भने त झनै राम्रो हुन्छ ।' हालै चीन सरकारले दशकौं पुरानो 'वान चाइल्ड' नीति खारेज गरेको छ। अब चिनियाँ दम्पतीले एकभन्दा धेरै सन्तान जन्माउर्न सक्छन् । यसले विवाहमा देखिएको समस्याको सुधार हुन सक्ने अनुमान गरिएको छ ।

एक तथ्यांक अनुसार जनसंख्या वृद्धिदरलाई कम गर्न सन् १९७९ मा ल्याइएको यो नीतिको कारण करिब ४० करोड कम बच्चाको जन्म भयो । तर, चीनको बढ्दो औसत उमेरको कारण सरकारले यो नीतिमा परिवर्तन गरेको छ ।

एडोरा भन्छिन, 'सरकारको 'वान चाइल्ड' नीतिले लैंगिक अनुपातमा असन्तुलन आयो तर विवाहलाई लिएर संकट आउनका अरु पनि कारणहरु छन् तर आशा छ यस नीतिमा परिवर्तनबाट केही वर्षभित्रै यो समस्या कम हुनेछ ।'

भर्चुअल ब्वाइफ्रेन्ड, अनलाईन म्यारिज वेवसाइट, म्याचमेकिङ पार्टीहरु भन्दा फरक विवाहको यो बजारमा सम्बन्धलाई जोड्ने कोसिसहरु जारी छ, तर सफलता भने अपेक्षाकृत रुपमा कमै मिलिरहेको छ । - बिबिसी हिन्दीबाट

मुटुलाई स्वस्थ राख्ने ५ तरिका



मानव शरिरको अत्यन्त्यै महत्वपूर्ण अंग मुटुलाई स्वस्थ राख्न सकेमा हृदयघात र पक्षघात जस्ता अकस्मात् हुन सक्ने शारिरीक दुर्घटनालाई कम गर्न सकिन्छ । सोहीकारण पनि मुटु खराब हुनुअघि नै सामान्य कुराहरुमा ध्यान दिएर मुटु जोगाउने कार्यहरु गर्नु आवश्यक हुन्छ । हाम्रो व्यस्त जिवनलाई सुहाउँदो मुटुलाई स्वस्थ राख्ने ५ तरिकाहरु यि हुन् ।

१, स्वास्थ्यलाई सहायक चिल्लो खानु :

हाम्रो शरिरमा अन्य भिटामिनहरुको आवश्यकता परेको जस्तै चिल्लो पदार्थको पनि आवश्यकता पर्दछ । मानिसहरु सामान्यतया चिल्लो नखाँदा नै मुटु स्वस्थ हुन्छ भन्ने भ्रममा रहेका हुन्छन् । तर वास्तविक रुपमा हेर्ने हो भने प्राकृतिक चिल्लो नियन्त्रीत मात्रामा खाँदा मुटुलाई त्यति खराब गर्दैन । हाम्रो मुटुलाई बिगार्ने भनेको जंक फुडमा प्रयोग हुने, पटक पटक प्रयोग गरिएको अस्वस्थ चिल्लोले हो । यस्ता चिल्लो हाम्रो शरिरमा कोलस्ट्रोल बनेर बस्ने हुँदा यस्तो खराब चिल्लोको प्रयोग नगरि प्राकृतिक चिल्लो खाँदा मुटुलाई कुनै हानी पुर्दैन र स्वस्थ हुन्छ ।

२, मुखको स्वास्थ्यमा ध्यान दिनुहोस्, नियमित कुल्ला गर्नुहास्

मुख हाम्रो शरिरमा अत्यन्त्यै संवेदनशील अंग हो । हाम्रो शरिरको लागि चाहिने तत्वहरु मुखको माध्यमबाट आउने हुँदा दाँत र मुखलाई स्वस्थ राख्न जरुरी हुन्छ । मुखमा रहेका जिवाणुहरु खानाको माध्यमबाट शरिरको कोषहरुमा पुग्ने हुँदा यसले मुटु रोग तथा मस्तिष्कघात जस्ता खतरा उत्पन्न हुन्छ । यस्तोमा खाना खाइसकेपछि नियमित कुल्ला गर्ने तथा मुख सम्बन्धी रोग भए निदान गर्दा मुटुलाई पनि यसले फाइदा पुग्छ ।

३, पर्याप्त मात्रामा सुत्नुहास्

शरिरलाई निद्राको माध्यमबाट आराम दिएमा मुटु पनि स्वस्थ रहन्छ । पर्याप्त मात्रामा सुतिएन भने यसले मुटु रोग सम्बन्धी खतरा बढ्ने गर्दछ । ४५ वर्षका ३००० मानिसहरुमा गरिएको एक अध्ययनका अनुसार ६ घण्टा भन्दा कम सुत्ने मानिसलाई पर्याप्त मात्रामा सुत्ने मानिसको तुलनामा हृदयघात हुने सम्भावना २ गुणा बढि हुन्छ । उक्त अध्ययनको अनुसार आवश्यक भन्दा कम सुत्दा शरिरको रक्तचाप तथा जैविक प्रक्रियालाई असहज हुने हुँदा यसले मुटुलाई खतरा हुन्छ ।

४, एकै स्थानमा लामो समयसम्म नबस्नुस्

शरिरलाई स्वस्थ बनाउन शारिरीक व्यायम तथा सन्तुलित भोजन गरेपनि लामो समयसम्म एकै स्थानमा बसिरहँदा मुटुको रोगबाट बच्न सकिदैन । एकै ठाउँमा लामो

काठमाडौंमा अब साना गाडी नचल्ने

काठमाडौं । सरकारले काठमाडौं उपत्यकाबाट साना सवारी विस्तापन गर्ने नीति लिएको छ । सहरी क्षेत्रको सवारी व्यवस्थापनमा साना सवारी साधन नै चुनौतीपूण भएको भन्दै उपत्यकामा रुट वर्गिकरण गरि साना सवारी साधन विस्थापन गरि ठूला बस संचालन गर्न लागिएको जनाएको हो ।

उपत्यकाबाट माइक्रोबस र टेम्पोलाई हटाएर साउन २५ गते शुक्रबारदेखि गोंगबु - सिनामंगल रुटमा ठूला सवारी साधन चल्ने भएका छन् । सो रुटमा दिगो शहरी यातायात प्रालिले १७ वटा ठूला बस संचालन गर्ने भएको हो ।

यी बस एयरपोर्ट-सिनामंगल-पुरानो बानेश्वर-मैतीदेवी-डिल्ली बजार, रत्नपार्क-लैनचौर-सामाखुसी हुँदै नयाँ बसपार्क पुग्नेछन् । फर्किने क्रममा नयाँ बसपार्क-गोंगबु- सामाखुसी-गल्कोपाखा- लैनचौर-जमल-कमलपोखरी ज्ञानेश्वर-मैतीदेवी-पुरानो बानेश्वर- सिनामंगल हुँदै एयरपोर्टसम्म पुग्ने रुट तय भएको छ ।

ठूला बस संचालनका लागि सम्पूर्ण तयारी पुरा भएको प्रालिका सचिव लालप्रसाद गुरागाईंले जानकारी दिए । कम्पनीले सोही रुटमा बस चलाउने तयारी अनुरुप सोमबार बस गुडाएर जिपिएस लगायत अन्य प्रविधिको परीक्षण गरेको छ ।

यी बस संचालन भएसँगै सो रुटमा चल्दै आएका टेम्पो तथा माइक्रो बस गरी ६१ वटा अन्यन्त्र स्थानान्तरण गरिएको उनले जानकारी दिए । हाल सिनामंगलदेखि सुन्धारासम्म र नयाँ बसपार्कदेखि सुन्धारासम्म गरी दुई रूटमा टेम्पो र माइक्रो चलिरहेका छन् ।

केएसयुटीपी अन्तर्गत एसियाली विकास बैंकको सहयोगमा काठमाडौंमा रहेका २ सय भन्दा बढी रुटलाई ६६ वटामा सिमित गरि रुट व्यवस्थापनको काम भइ रहेको छ। त्यही परियोजना अन्गर्तत नयाँ बसपार्क सिनामंगल एस५ रुपमा बस चल्न लागेको हो । नयाँ बस थपिएसँगै यी रुटमा संचालन हुँदै आएका ३५ वटा टेम्पो र २६ वटा माइक्रो अन्य रुटमा सारिएको छ । अब भने यी दुई रूटलाई एकीकृत गरी एउटै रूट बनाएर बस गुडाउन लागिएको हो ।

उक्त रुटमा चल्ने बस २६ सिट क्षमताका हुन् । ५० जना यात्रु सहज रुपमा अटाउने भएकाले सो संख्याको अनुमति पाएको छ । जिपिएस प्रविधियुक्त बस भएकाले यात्रुले आफूले यात्रा गरेको स्थान थाहा पाउने छन् । त्यस्तै एलइडी टिभी, सिसिटिभी, समाउने ह्यांगर बसमा राखिएको छ । साथै बस अपांगमैत्री रहेको गुरागाईंले जानकारी दिए । बसमा ह्विलचेयर राख्ने ठाउँको समेत व्यवस्था रहेको छ ।

नयाँ वर्षबाट फाइभ जी

, कसरी काम गर्छ ?

विश्वमा अर्को वर्ष फाइभ जी इन्टरनेट नेटवर्क सुरुआत हुने भएको छ । आउँदो वर्षको सुरुमै विश्वका केही विकशित देशहरुमा फाइभ जी सेवा सुरु हुने र यसले इन्टरनेटको स्पीड अहिलेको अधिकतम स्पीडको तुलनामा दश देखि २० गुणा सम्मले बढि हुनेछ ।

के फाइभ जी नेटवर्क आएसँगै इन्टरनेट प्रयोगकर्ताको जीवनमा कुनै बदलाव आउँछ त ? के मानिसहरुले अहिले चलाइरहेका फोनको साटो नयाँ फोन खरिद गर्नुपर्दछ त ? के गाउँगाउँसम्म इन्टरनेट पुऱ्याउन सकिन्छ त ?

यसलाई मोबाइल इन्टरनेटको पाँचौं पिँढी मानिएको छ । यसको स्पीड विद्यमान इन्टरनेट नेटवर्कको भन्दा अधिक हुनेछ । जसबाट ठूला डाटालाई पनि सजिलैसँग छोटो समयमा डाउनलोड तथा अपलोड गर्न सकिनेछ ।

यसको पहुँच पनि वर्तमान मोबाइल इन्टरनेटभन्दा विस्तृत तथा उत्कृष्ट हुनेछ । पूर्णरुपमा भिडियो स्पेक्ट्रमको उत्तम प्रयोगको उदाहरणको रुपमा यो रहनेछ र यसबाट एकसाथ अनेक डिभाइसलाई इन्टरनेटबाट जोड्न सकिनेछ ।

मोबाइल् डाटा एनालिटिक्स कम्पनी ओपन सिग्नलसँग सम्बन्धित अधिकारीका अनुसार फाइभ जी नेटवर्कको हाइस्पीड इन्टरनेटले शहरहरुलाई थप स्मार्ट बनाउनेछ । आधुनिक विज्ञानका कार्यहरु थप सहज तथा उत्कृष्ट बन्नेछन् ।

स्वचालित कार पनि एक अर्कासँग सहज सम्वाद गर्न सक्नेछन् र यातायात तथा नक्शासँग सम्बन्धित डाटा शेयर गर्न सक्नेछन् । चिकित्सा सुविधा पनि अझै राम्रो हुनेछ र चिकित्सा उपकरणहरु थप स्मार्ट बन्नेछन् ।

यसमा कैयन् नयाँ प्रविधि प्रयोग हुनेछन् तर अहिलेसम्म फाइभ जी को सबै प्रोटोकल तय भएको छैन । यसले हाइ फ्रिक्वेन्सी ब्याण्डमा काम गर्नेछ, साढे तिन देखि २६ गिगाहर्ज वा त्यो भन्दा पनि माथि । यसमा तरंग लम्बाई छोटो हुन्छ। तर, एउटा समस्या के भने यस्तो छोटो तरंगलाई सजिलैसँग अवरोध गर्न सकिन्छ ।

त्यसैले भौगोलिक विकटता भएका क्षेत्रमा यस्तो मोबाइल तरंगहरु सहज रुपमा पुऱ्याउन कठीन हुनसक्दछ र धेरै ट्रान्सफर्मरको प्रयोग गर्नुपर्दा खर्च धेरै लाग्नसक्दछ ।

यो फोर जी प्रविधि भन्दा पूर्णरुपमा फरक हुनेछ । यो नयाँ प्रविधिमा काम गर्नेछ। अहिले फोर जीमा सर्वाधिक स्पीड ४५ एमबीपीएससम्म सम्भव हुन्छ। चिप निर्माता कम्पनी क्वालकोमका अनुसार फाइभ जी प्रविधिमा यसभन्दा १० देखि २० गुणासम्म बढि स्पीड हुनेछ । त्यसैले फाइभ जी नेटवर्कमा एक एचडी फिल्म एक वा दुई मिनेटमा पूरै डाउनलोड गर्न सकिन्छ ।

अधिकतम देशहरुमा फाइभ जी सन् २०२० सम्ममा लञ्च हुनेछ । यद्यपि कतारको एक कम्पनीले चाहीँ फाइभ जी नेटवर्क सुरु गरिसकेको दाबी गरेको छ । दक्षिण कोरियाले पनि आगामी वर्ष फाइभ जी सुरु गर्नेछ । चीनले पनि सन् २०१९ मा फाइभ जी सुरु गर्ने योजना बनाएको छ । बीबीसी

चीनले बन्द गर्दैछ सबैभन्दा ठूलो मानव निर्मित झरना

दक्षिण पश्चिम चीनमा एक गगनचुम्बी महलमा बनाइएको विश्वकै सबैभन्दा ठूलो मानव निर्मित झरना बन्द हुने भएको छ ।

अत्यधिक खर्चका कारण झरना सञ्चालन गर्न अप्ठेरो भएसँगै बन्द गर्न लागिएको हो ।

यो झरनाले पर्यटकबाट हुने आम्दानीबाट यसको सञ्चालन खर्चसमेत उठाउन नसकेपछि यो सेतो हात्ती बन्दै गएको थियो । जसका कारण यो झरना अहिले चीनमा मजाकको विषय बन्ने गरेको छ । सोँच विचार नगरिकन गरिने कामको उदाहरण दिनुपर्दा मानिसहरुले उक्त झरनाको नाम लिने गरेका छन् ।

गुइयांग सहरमा बनेको १०८ मिटर अर्थात् ३५० फिट उचाइको टावरमा उक्त झरना रहेको छ । यो दुई वर्षअघि मात्र तयार भएको हो । त्यसयता यसलाई केवल ६ पटकसम्म मात्र सञ्चालन गरिएको छ ।

उक्त टावर निर्माण गरेको कम्पनीका अनुसार स्थानीय शुष्क वायुलाई ओसिलो बनाउनमासमेत झरनाले भूमिका खेल्ने विश्वास गरिएको थियो । तर, यो अग्लो टावरमा निरन्तर रुपमा टुप्पोमा पानी पूराएर झरना सञ्चालन गर्दा खर्च अत्यधिक भएपछि झरना बन्द गर्ने निर्णयमा यसका मालिक पुगेका छन् । एजेन्सी

थिमि टाइम्स साप्ताहिक

– म मेरी आमाका प्राथनाहरू अझै सम्झन्छु जसले मलाई पच्छ्याइरहन्छन। जसले म बन्नमा हरदम सहयोग गरिरहन्छ।

– अब्राहम लिंकन

वर्ष १२ अङ्क ४ ने.सं. ११३८ दिल्लागाः एकादशी २०७५ साउन २३ बुधबार
8 Aug. 2018 Wednesday

;DkfbsLo

उपत्यकाको बेतिथि

काठमाडौं उपत्यकालाई मन्दिरै मन्दिर र माटोमा पनि सुन फल्ने नगरको रुपमा बिकास भएको नगरको आज दुरावस्था भएको छ। आज उपत्यकामा अलिकता मात्र बर्षाको कारण पनि पुरै बस्ती डुबानमा पर्ने समस्या देखिएको छ। हालै मात्र एक पटक पुरै भक्तपुर डुवानको चपेटामा पऱ्यो भने केही दिन अगाडि परेको बर्षाको कारण पुनः डुवानको समस्या देखा पऱ्यो। जुन उपत्यकामा अव्यवस्थित रुपमा बिस्तार भएको बस्तीको कारण हो। आज भएका नदिहरु बस्तीको रुपमा बिकास हुँदै जानु अनि नदि बस्ती भित्र पस्ने कुनै नौलो कुरा भएन। तर पनि बस्ती बढ्ने क्रम जारी रहेको र यही उपत्यकामा अर्को कंक्रिटको बिशालकाय संरचना रंगशाला बन्ने क्रमको लबिङ भइरहेको छ। जसले आगामी दिन उपत्यकाको दुरावस्था अभै, बढ्ने निश्चित छ।

साथै काठमाडौ अहिले फोहोरी नर्कजस्तो हुनपुगेको छ। सडक, यातायात, खानेपानी र वायु प्रदूषणका दृष्टिले त काठमाडौंलाई शासकहरूले रद्दी बनाएकै थिए केही दिन भयो सडकमा जतातत्तै थुपारिएको फोहोरले नर्क बनाएको छ। काडमाडौंमा दिनहुँ हुने फोहोर थन्क्याउने ठाउँ छैन। पहिले नै सिसडोलमा थप फोहोर फाल्ने ठाउँ थिएन। त्यसमाथि त्यहाँसम्म पुग्ने सडक भत्किएपछि त फोहोर फाल्ने ठाउँ नभएर नगर भित्रका सडकमै अलपत्र छाडिएको छ। केही वर्ष पहिले नै नुवाकोटको बन्चरे डाडाँमा फोहोर फाल्ने योजना बनाइयो तर पूर्वाधार विकास गर्न ध्यान दिइएन। फलस्वरूप, अहिले ललितपुरको फोहोर सडकमा फालिएको र फैलिएको छ। यसले सहरमा दुर्गन्ध फैलाएको छ भने महामारीको जोखिम पनि बढाएको छ।

फोहोर व्यवस्थापनमा नयाँ प्रविधि र व्यवस्थापन सुरु नगर्ने हो भने जति पटक ठाउँ फेरे पनि फोहोर तह लाग्नेछैन। केही दिनमा अवस्था फेरि उस्तै हुनेछ। सडकमा फोहोर थुपारेर सहरलाई 'स्मार्ट' बनाउँछु भन्दा कसैले पनि पत्याउँदैन। पहिले सहरलाई मान्छे बस्न हुने बनाउन सक्नुपर्छ। अनिमात्र विकास र उन्नतिका अरू ढोका खुल्छन्। फोहोर व्यवस्थापनको मूल सिद्धान्त फोहोर गर्नेसँग तह लगाउने खर्च असुल्नु हो। ठूला अस्पताल, होटल, कारखाना आदि बढी फोहोर गर्नेले त्यसको व्यवस्थापनमा लाग्ने खर्च बेहोर्न पर्नेबित्तिकै उनीहरूले तह लगाउन मिल्नेसम्मको फोहोर आफैं व्यवस्थापन गर्नेछन्। स्यांजाको वालिङ नगरपालिकाले फोहोरबाटै वर्षको लाखौं रुपियाँ आम्दानी गरेको छ। त्यसको सिको काठमाडौं उपत्यकाका नगरपालिकाहरूले पनि गर्ने हो भने फोहोर व्यवस्थापन अपेक्षाकृत सजिलो हुनेछ। यसैगरी प्रत्येक परिवारले कुहिने र नकुहिने फोहोर छुट्ट्याउने र घरमै तह लगाउन सकिने फोहोर व्यवस्थापन आफैंले गर्न लगाएमा पनि अहिले जसरी सडकमा महामारी नै फैलने डर हुने गरी फोहोर फैलने छैन।

अहिले स्थानीय तह र संघीय मामिला मन्त्रालयबीच काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनका विषयमा आरोपप्रत्यारोप भइरहेको छ। सिसडोलपछि बन्चरेडाँडामा फोहोर फाल्ने निधो गर्नेहरूले त्यस ठाउँलाई भौतिक सुविधाका दृष्टिले पनि उपयुक्त बनाउनुपर्छ भन्ने बिर्सेको देखियो। स्थानीय तहमा जनप्रतिनिधि नभएको दुई दशकको जिम्मा त यसै पनि केन्द्रले नै लिनुपर्छ। यस्तै, निर्वाचनपछिको एक वर्षसम्म पनि स्थानीय तहले सिसडोल भरिएपछि के गर्ने भन्ने विषयमा खासै चासो लिएको देखिएन। अर्थात, स्थानीय तह र मन्त्रालय दुवै दोषी हुन्। तर, जिम्मेवारी पन्छाएर त फोहोर उठ्दैन। त्यसको साटो मन्त्रालयले समन्वय गरेर स्थानीय तहलाई दीर्घकालीन एवं तत्कालीन योजना बनाउन लगाउने र तत्काल सिसडोल जाने बाटो बनाइहाल्ने तत्परता देखाउनुपर्छ। साथै, नगरवासीलाई फोहोर व्यवस्थापनमा जिम्मेवार बनाउन पनि योजनाबद्धरूपमै सुरु गर्नुपर्छ। फोहोरी भएर कतिन्जेल बस्ने ?

नेवारबाट नै दलित बनाइएका नेवारहरु

– राजेन मानन्धर

नेपालमा राजाले राजकाज छोडेको पनि एक दशक भइसकेको छ। नेपालकै छोरा वा छोरी हुन् सर्वोच्च पदमा पुग्ने अब। सबै कर तिरेर गणतन्त्र र धर्मनिरपेक्ष राज्यमा

नागरिक कहलिएर बस्छन्। काठमाडौं नेपालको राजधानी। यहाँका रैथाने नेवारहरु आफूलाई निकै सभ्य सुसंस्कृत हुँ भन्छन्। तर यथार्थ यो भन्दा अलिक फरक पनि छ।

हालै मात्र पढ्नमा आएको कुरा। काठमाडौंसँग टाँसिएको मध्यपुर थिमि नगरपालिकाको सिवाः टोल वरपरका केही सार्वजनिक इनारमा त्यहाँका केही आफुलाई ठुलो जातका भन्नेहरुले त्यहीं बसोबास गर्ने, जात्रा पर्व लगायतका धार्मिक सामाजिक उत्सवमा सहकार्य समेत गर्ने मानन्धर, वज्राचार्य, खड्गी, कपाली (श्रेष्ठ बाहेक)लगायतका समुदायलाई पानी तान्न नदिने सामाजिक विभेद गरिन्छ। पत्याउनुहुन्छ ? यो कुनै हुम्ला वा दार्चुलाको कुरा होइन।

विशेषगरी परम्पराको हवाला दिएर यहाँको आदर्श उच्च माविबाट उत्तर पूर्वी दिशामा अवस्थित इनार, दक्षिण दिशा (माकः ननी)को इनारमा यी समुदायलाई पानी तान्ने सवालमा विभेद हुँदैआएको कुरा हालै फेसबुकमा शिवासायमि खलःले राखेपछि हामी नेवारहरु आफुहरु कति अगाडि कति पछाडि छौं भन्ने विषयमा घोत्लिन बाध्य भएका छौं।

नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरिएपनि समुदायका आधारमा हुने विभेद अझै पनि अन्त्य हुन सकेको छैन। यो हिन्दु वर्णाश्रम अन्तर्गतको चार जातको कुरा पनि होइन। यो त आफुलाई जनजाति भन्ने नेवारहरु बिचमै हिन्दू जातीयप्रथाको अन्धानुकरण गर्नाको परिणाम हो।

कति राम्रो सुनिन्छ जब नेवार संस्कृतिविद्हरु अनि साहित्यकारहरु समेत अविरल भनिरहन्छ–नेवार भनेको यस्तो जाति हो जसमा वर्णभेद छैन, ठुलो सानोको सवाल छैन, सबैको आ-आफ्नो पेशा छ अनि त्यही पेशा अनुसार उनीहरुको वर्गीकरण मात्र गरिएको छ भनेर भन्दा। यो त बुद्धले भनेको जस्तो समाज भयो, मार्क्सले बताएको जस्तो राज्य भयो।

तर यथार्थको आँखाबाट हेर्यो भने देखिन्छ संसारको कुनै पनि देश, राज्य वा गाउँ समेत पनि ठुलो सानोको विभेदबाट मुक्त छैन। सर टमस मुरको युटोपिया साँच्चै हुने भए त्यहाँ कस्तो हुन्थ्यो थाहा छैन तर आज साम्यवादी भनेर भन्ने देशमा पनि यो भेद व्याप्त छ भन्ने सुनिन्छ। यो वर्ण, जातको जंजाल विभिन्न रुपमा विभिन्न भेषमा जहाँतहीँ छ, हुन्छ नै।

यसमा पनि हामीले नेवारहरुको समाजमा यो वर्णभेद अनि अछुत भनिनेहरु छैन भनेर भन्दै आइरहेका छौं–यो नेवारहरुलाई जनजाति मान्ने मौलिक र सैद्धान्तिक रुपबाट हेर्दा गलतसम्म होइन। तर मानवीय स्वभाव हो, जान्नेहरुले र भएकाहरुले आफुलाई ठुलो भनेर नभएकाहरु र नजानेकाहरुलाई सानो भन्ने रहर बोकेका हुन्छन्। शायद त्यसैले नै होला १४औं शताब्दीका राजा जयस्थिति मल्लले पनि भारतीय वर्णभेदी विद्वानहरु ल्याएरै यहाँ वर्णभेदको बीजारोपण गरे। अनि यो व्यवस्था राम्रो लागेरै त होला यहाँका सम्भ्रान्तहरुले यसको अन्त्य कहिल्यै चाहेन, मलजल नै दिइरहे–छ सय वर्ष पुरानो ऐतिहासिक दस्तावेजको आधारमा हामीले आज सामाजिक शासन गर्दै आइरहेका छौं। यस कुराको दोष आज हाम्रो टाउकोमा छ। दोष बोक्नु त गलत होइन तर आजको शिक्षित समाज पनि यसै कुरीतिलाई ससम्मान बोकेर आजको दुनियाँमा बाँचिरहेका छौं। बोक्न त हामी अहिले फोर-जिको मोबाइल बोक्छौं तर मानसिकता भने हाम्रो चारसय वर्ष पुरानै छ।

बिरालोले फोहर लुकाएजस्तै हामीले यो कुरा जति लुकाएपनि यो लज्जास्पद सत्य विभिन्न विद्वानहरुले पत्ता लगाएकै छन्। विभिन्न विदेशी विद्वानहरुले हाम्रो व्यवहारमा छुत अछुतको भेद देखेका छन्। अझ उनीहरु नेवारभित्रको सानातिना विभेदलाई पनि ठुलो बनाएर देखाइदिन मरिहत्ते गर्छन्। हुन पनि हो– आज पनि नेवारभित्र इनार छुन नदिने, घरभित्र छिर्न नदिने, छुन नहुने, भात खाइदिन नहुने, भोजमा सँगै राखेर खुवाउनु नहुने, भोजमा अलग्गै बोलाउनु पर्ने, बिहाबारी नचल्ने आदि विभिन्न किसिमका विभेदहरु देखिने नदेखिने गरी यथावत नै छ। हाम्रो ज्ञान र विद्वताले हामीलाई जति नै सभ्य बनाएतापनि आज पनि हाम्रो वरिपरी यसको घरको भात खाँदा घ्यु वा बेसार हालेको मात्र खानुहुन्छ, यसलाई घरभित्र हुल्न दिनुहुँदैन अनि यसलाई चिया ख्वाउँदा उसले आफ्नो जुठो आफै मस्काउनुपर्छ भन्ने मानसिकता अझै बाँकी छ। नेवारभित्र पनि हिन्दु त हिन्दु नै भए, बौद्ध नेवारहरु पनि छुवाछुतको व्यवहार गर्छन् भन्दा बौद्ध धर्मामलम्बीहरुलाई पत्याउन गाह्रो होला। त्यसैले नेवारहरुमा पनि दलित होलान् र ? भनेर प्रश्न गर्नु पनि बुद्धिमानी नहोला।

आजको यो परिस्थिति र सामाजिक बनोटलाई हेरेर भन्न सकिन्छ वर्णभेद नभएको नेवार समाजमा तल्लोजात भनेर भनाइनुपर्नेहरुले आज भन्दा एकदुईसय वर्ष पहिले कति सामाजिक उत्पीडन भोग्नुपरेको थियो होला भनेर।

आफ्नो आफ्नो पृथक पृथक धर्म संस्कृति भएर पनि एक ढिक्का भएर बसिरहेका नेवारहरुलाई यहाँका शासकहरुले विभाजित गरेर, लडाएर शासन गर्ने कोशिस आज मात्र होइन सयौं वर्षदेखि भइआएको हो। नेवार भित्रका उपाध्यायहरु र वज्राचार्यहरुलाई फुटाएको अनि वज्राचार्य र तुलाधरहरुलाई फुटाएको इत्यादि घटनाको संस्मरण यहाँ अझै बाँकी छ। आफुलाई माथिल्लो भनेर देखाउनुपर्नेहरुले नेवारहरुलाई फुटाउन सजिलो छ भन्ने बुझेकाले नै यस्तो घटना घटिरहेको छ भन्ने बोध गरेमात्र पनि यस्तो इतिहास फर्केर आउने सम्भावना कम रहन्छ।

यसै सन्दर्भमा नेवार जाति र संस्कृतिका अभिन्न अङ्ग भएका च्यामे, पोडे, कुश्ले र खड्गी (त्यसबेला गल्तीबश कसाई भनिएको)लाई कुनैबेला सरकारले बनेको दलित उत्थान विधेयकमा नाम राखेपछि यहाँ एक किसिमको खैलाबैला भएको थियो। नेवार नेतृत्व र संघसंस्थासँग छलफल नगरी बाहुन क्षेत्री प्रशासक र केही दलितहरुले नै आफ्नो स्वार्थका लागि नेवारहरुलाई दलितभित्र राखे भन्ने कुरा यहाँ चलेको थियो। अस्ति भरखरकै स्थानीय चुनावमा उनीहरु दलितको कोटाबाट चुनाव लड्न अस्वीकार गरे तर दलित हुनुको पीडाबाट भने अझै मुक्त छैनन्।

त्यसपछि केही ढिलो भएपनि नेवारहरु दलित हुनसक्छ कि सक्दैन भन्ने चर्चा परिचर्चा हुनथाल्यो। आफ्नो परिचय खोज्न इतिहास र वर्तमानमा अध्ययन अनुसन्धान गरेर सत्य तथ्य अगाडि राख्ने काम सँधै सराहनीय हुन्छ। तर यहाँ आश्चर्यजनक कुरा के हुन्छ भने आफ्नै थरको परिचय खोज्न आफ्नो अस्तित्वको सही परिभाषा दिने मामलामा नेवार विद्वानहरु र नेवार नेताहरु कन्जुस भइरहको पाइन्छ।



यसबाटै स्पष्ट हुन्छ नेवारहरुलाई सही र असल मार्गमा लानुपर्ने नेतृत्वको मनमै पाप छ।

यसको कारण घामजस्तै छर्लङ्ग छ। हामीले नेता मानेर आएका जति पनि छन् ती सबैजसो त्यही वर्गका छन् जुन वर्ग आफुलाई आधा इन्च माथि छ भने र प्रमाणित गर्न अरुलाई दश फिट तल खसालिरहन्छन्। उनीहरुमा आफुहरु माथिल्लो जातको भन्ने दम्भ छ। अनि नेवार समाजको आदर्श नमूना भएर देखाउनुपर्ने विद्वानहरुभित्र पनि यस्तो एउटा तत्व लुकेर रहेको हुन्छ जसले उनीहरुलाई आजका मितिमा पनि ती च्यामे, पोडे, कुश्ले र कसाइका साथमा बसेर भात खाने आँट गर्दैनन्। नेवारभित्र वर्गमात्र होइन वर्ण वा जातीय छुवाछुत पनि छ भन्ने राष्ट्रिय स्तरबाट प्रमाणित भइरहँदा पनि नेवार एकताको जपना गरेर बस्नेहरुले यो कटुयथार्थलाई चिर्ने खासै प्रयास गरेको पाइँदैन।

सुनचाँदीकै वर्षा गरेर मठमन्दिर, बनाउन सक्ने नेवारहरुभित्र आज पनि दिनभरी काम गरेर पनि दुईछाक खान नसक्नेहरु छन, कथित जातीय पेशा संकटमा पर्दा पनि आफ्नो पेशा गरेर खाने वातावरण छैन, उनीहरु शिक्षा, स्वास्थ्य र व्यवसायको क्षेत्रमा पछाडिको पछाडि नै परिरहेका छन्। यस्तो अवस्थामा आफ्नै समाजबाट तिरष्कृत र दलित भएर बस्नुपर्नेहरुले आफ्नो सामाजिक प्रतिष्ठा फिर्ता लिनकै लागि दलित आयोगको शरण गए त उनीहरुको के दोष ? अझ पनि नेवारहरुमा दुइचारवटा थरहरु त्यतिकै अपहेलित र तिरष्कृत छन्। यो कुरा सबैलाई थाहा छ।

यो खुशीको कुरा हो कि यस्तो विभेद सहेर पनि ती च्यामे, पोडे, कुश्ले र खड्गीहरुले आफुलाई नेवार नै भनेर स्वीकार गरिरहेका छन, आफु नेवार भएर नेवार धर्म संस्कृतिमा आफ्नो योगदान सम्झेर नै आवाज राखिरहेका छन्। यस्तो अवस्थामा नेवार समुदाय, नेवारभित्रको नागरिक समाज, संघसंस्थाहरुका अगाडि पहिले कहिल्यै नआएको एक चुनौति खडा भएको छ। शुतुरमुर्गले बालुवाभित्र टाउको लुकाउँदैमा तुफान नआउने होइन, दुइचारजनाले नेवारमा दलित छैन भन्दैमा हाम्रो सोचाइ र व्यवहारमा परिवर्तन आउने होइन। अहिले हामीले छातीमा हात राखेर शुद्ध मनले भन्नुपरेको छ– हामीलाई साँच्चै आफ्नो थोत्रो अभिमान, जातको आडम्बर प्यारो छ कि सम्पूर्ण नेवारहरुको समष्टीगत विभेदरहित परिचय प्यारो छ।

एक्काइसौं शताब्दीमा पनि हामी प्रतिस्पर्धात्मक जीवन र सामुदायिक विकासभन्दा पनि को दलित र को दलित होइन भनेर भनिरहेका छौं। गुभाजु बर्मु को अगाडि स्यस्यः दलित (कुनै ठाउँ परिस्थितिमा स्यस्यःको अगाडि गुभाजु दलित), स्यस्यःका अगाडि ज्यापु दलित, ज्यापुका अगाडि सायि्म दलित, सायि्मका अगाडि प्वः दलित। आखिरमा हामी सबै दलित नै हौं, सत्ता हसुर्न पाएका गैरनेवार समुदायका अगाडि। सबैको एकै समस्या, सबैले मिलेर समाधान गरेमा हीत सम्पूर्ण जातिकै हुने हो।

नेपाल सरकारले २०६३ साल जेठ २१ गते मुलुकलाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको थियो। अनि व्यवस्थापिका संसदले २०६८ साल जेठ १० गते जातीय भेदभाव तथा छुवाछुत कसूर र सजायँ ऐन २०६८ लागू गरेको थियो। सबै मान्छन् यो दण्डनीय अपराध हो भनेर।

छुवाछुत सम्बन्धित ऐन २०६३ मा जातजाति, धर्म, वर्ण, वर्ग वा श्रमको आधारमा भेदभावपूर्ण व्यवहार बहिष्कार वा निषेध गरेमा तीन महिनादेखि तीनवर्षसम्म कैद वा एक हजार रुपैंयादेखि २५ हजार रुपैंयासम्म जरिवाना वा दुवै संयाय हुने व्यवस्था गरेको पाइन्छ।

हामी सबै पढेलेखेका विद्वान। देशभरिकै समस्या हामीले समाधान गर्न सक्छौं तर आफ्नै समुदाय भित्र मौलाइरहेको यो कुप्रथाका विरुद्ध नेवार नेतृत्व मौन छ संघसंस्थाहरु गुपचुप छन्। आखिर कतिन्जेल शिक्षा आर्थिक आत्मनिर्भरता र प्रतिष्ठा भएर पनि ती नेवारहरु आफ्नै समुदायका अभिजातहरुको थिचोमिचोलाई सहेरै बसिरहलान् ?

नेपाल यु-१९ टोलीलाई भारतमा एकदिवसीय सिरिज खेल्ने अवसर

काठमाडौं। भारतीय क्रिकेट बोर्ड (बीसीसीआई)ले नेपाली यू-१९ टोलीलाई एकदिवसीय सिरिजका लागि बोलाइएको छ। कोलकातामा हुने तय भएको प्रतियोगितामा भारत र अफगानिस्तानको यू-१९ टोलीसँगै भारतकै नेशनल क्रिकेट एकेडेमी (एनसीए) को टोली पनि छ। प्रतियोगिता सेप्टेम्बर ९ देखि २० सम्म हुने बताइएको छ।

प्रतियोगितामा सहभागिता जनाउन बीसीसीआईले आग्रह गरेको नेपालका यू-१९ टोलीका प्रशिक्षक विनोद दासले बताए। 'बीसीसीआईबाट प्रतियोगिताका लागि भनेर निम्तो आएको छ । हामी के गर्ने भन्ने छलफलमा छौं' उनले भने, 'धेरै समयदेखि टोली प्रशिक्षणमा छैन, यसैले छोटो समयमा कसरी सबै कुरा मिलाउने भनेर कुरा हुँदैछ । एक-दुई दिनमा सबै कुरा प्रष्ट हुन्छ ।'

यू-१९ का केही सदस्य राष्ट्रिय टोलीमा पनि छन् र हालै मात्र नेदरल्याण्ड्स टुरबाट फर्किएका छन्। लगतै एसिया कपको छनोटका लागि बन्द प्रशिक्षण सुरु हुनेछ । त्यसैले राष्ट्रिय टिमबाट खेलेका खेलाडीलाई यू-१९ मा नराख्ने सोच बनाएको र खेलाडी छनोट के आधारमा गर्ने भन्ने छलफल भइरहेको प्रशिक्षक दासले बताए ।

नेपालले प्रतियोगितामा सहभागी हुनेबारे छलफल गरिरहेको भए पनि प्रतियोगिताको सबै तालिका तय भइसकेको छ । चार टोलीले एक अर्कासँग खेलेपछि शीर्ष स्थानमा रहने दुई टिमले फाइनल खेल्नेछन् । तेस्रो र चौथो स्थानमा रहने टिमले तेस्रो स्थानका लागि खेल्ने छन् ।

यस्तो छ तालिका

सेप्टेम्बर १२ - इडेन गार्डेन्समा भारतविरुद्ध अफगानिस्तान

सेप्टेम्बर १२ - जादभपुर युनिभर्सिटीमा एनसीएविरुद्ध नेपाल

सेप्टेम्बर १४ - इडेन गार्डेन्समा भारतविरुद्ध नेपाल

सेप्टेम्बर १४ - जादभपुर युनिभर्सिटीमा एनसीएविरुद्ध अफगानिस्तान

सेप्टेम्बर १६ - इडेन गार्डेन्समा भारतविरुद्ध एनसीए

सेप्टेम्बर १६ - जादभपुर युनिभर्सिटीमा अफगानिस्तानविरुद्ध नेपाल

सेप्टेम्बर १८ - इडेन गार्डेन्समा शीर्ष स्थानका दुई टिमबीच फाइनल

सेप्टेम्बर १८ - जादभपुर युनिभर्सिटीमा तेस्रो र चौथो टिमबीच प्ले अफ

भारतीय क्रिकेट बोर्डले हरेक वर्ष युवा क्रिकेटरको क्षमता विकासका लागि यस्तो प्रतियोगिता आयोजना गर्ने गर्छ । यसपटकको सिरिजलाई यू(१९ एसिया कपको तयारीको रुपमा लिएको छ ।

आगामी अक्टोबरमा बंगलादेशमा हुने यू(१९ एसिया कप क्रिकेट प्रतियोगितामा नेपाल, भारत, हङकङ, बंगलादेश, पाकिस्तान, श्रीलंका, युएई र अफगानिस्तान गरी ८ टोलीले खेल्दैछन् ।

चीनमा बढ्दैछ भारतीय फिल्मको लोकप्रियता

एजेन्सी । म चीनको आन्हुई प्रान्तको एउटा गाउँमा थिएँ । जहाँ खाना खाँदै गर्दा सात वर्षीय बालकले आफूले दंगल चलचित्र हेरेको बताए । बालकले मात्रै होइन, डिनरमा बसेका अरु चारजनाले पनि दंगल निकै मन



परेको बताए ।

दंगल, हिन्दी मिडियम, थ्री इडियट्स, पीके, ट्वाइलेट : एक प्रेमकथा जस्ता हिन्दी चलचित्रले चीनका गाउँ तथा शहरमा भारतको छवि सुधार्ने काम गरे, सायद यस्तो काम कुटनीतिबाट पनि सम्भव थिएन ।

शांघाईको एउटा पार्कमा मैले आमिर खानका फ्यान कैरन छनलाई भेटेँ । मेरो फर्माइसमा उनले 'सिक्रेट सुपरस्टार' फिल्मको 'मै चाँद हूँ' गीत गाएर सुनाए । छनसँग हिन्दी भाषाको ज्ञान त छैन तर उनलाई गीतको अर्थ भने थाहा थियो । दंगलले उनको परिचय केवल बलिउडसँग परिचय मात्रै गराएन, उनको निजी जीवनमा पनि प्रभाव पार्‍यो ।

छनले भनिन, 'जब मैले दंगल हेरेको थिएँ त्यतिबेला मेरो तौल ९८ किलो थियो । फिल्म हेरेपछि मलाई लाग्यो म तौल घटाउन अवश्य सक्नेछु । हेर्नुस् त अहिले म कस्ती भएकी छु ।'

छनसँगै आएका टिना र लीफले आफूहरुले सिडी र वेबसाइटबाट भारतीय फिल्म हेर्न सुरु गरेको बताए । लीफले भनिन, 'भारतीय फिल्मले सभ्यता देखाउँछन् । फिल्ममा देखाइने नृत्य, गीत, भगवानको पूजा र आस्था यी सबै कुराले मेरो मन छुन्छ ।'

सन् २०११ मा रिलिज भएको थ्री इडियट्स मार्फत पनि चीनमा बलिउडका निकै फ्यान बनेका थिए । क्याम्पसका विद्यार्थीले अनलाइनमार्फत नै थ्री इडियट्स हेरेका थिए । सन् २०१४ मा रिलिज भएको धूम ३ ले चीनमा मात्र २० मिलियन युआन-झण्डै ३२ करोड नेपाली रुपैयाँ) बराबरको कारोबार गरेको थियो । तर २०१५ मा रिलिज भएको पीकेले चिनियाँ नागरिकमा बलिउडप्रतिको रुची बढायो । यी चलचित्रपछि दंगलले त रेकर्ड नै बनायो ।

चीनमा हिन्दी मात्रै होइन, भारतका अन्य भाषाका चलचित्र पनि मन पराइन्छ । साउथ इन्डियन फिल्मका फ्यान भिभियनले पीके हेरेपछि बाहुबली २ पनि हेरे । उनी यो फिल्मबाट यति धेरै प्रभावित भए कि फिल्मको पोस्टर नै जापानबाट मगाए । भिभियन फिल्मका मुख्य अभिनेता शांघाई आउन् भन्ने चाहन्छन् ।

सेन्ट्रल शांघाईको एउटा क्याफेमा हातमा प्रभासको पोस्टर र ब्याज लिँदै भिभियन भन्छन, 'प्रभासको फिट शरीर, आकर्षक अनुहार, घुम्रिएको कपाल, स्टाइलिस जुँगा, मिठो मुस्कान, तथा दर्बिलो आवाजका कारण उनलाई चीनमा आमी छोछो भन्ने गर्छौं । प्रभासलाई देखेपछि अब मलाई पनि जुँगा मन पर्न थालेको छ ।' चीनमा कलाकारका एक चिनियाँ नाम पनि हुने गर्दछ । गएको वर्षमा तीव्रताका साथ थिएटर निर्माण भएकाले चीनमा फिल्म बक्स अफिसको व्यापार ८.६ बिलियन डलरसम्म पुगेको थियो । डिलोयटको एक रिपोर्टका अनुसार सन् २०२० सम्म चीनको बक्स अफिस र दर्शकको संख्याले उत्तर अमेरिकालाई पनि पछि छाडिदिनेछ ।

सन् २०१६ मा तीन भारतीय फिल्म बाहुबली, पीके, फ्यान चीनमा रिलिज भएको थियो । गएको वर्ष चीनमा दंगल मात्रै रिलिज भयो । यसको कारण डोकलामको सीमा विवाद पनि भनियो । तर केही फिल्म जानकारहरु भने यसलाई नकार्छन् ।

यो वर्षको जुनसम्म पाँचवटा हिन्दी फिल्म चीनमा रिलिज भैसकेका छन् । सिक्रेट सुपरस्टार, हिन्दी मिडियम, बजरंगी भाइजान, बाहुबली २, ट्वाइलेट एक प्रेमकथा रिलिज भैसकेका छन् । सुल्तान र प्याडम्यान रिलिज हुने तयारीमा छन् ।

भारतीय फिल्ममा प्रस्तुत हुने कथावस्तु चीनमा यति लोकप्रिय भैरहेको छ कि चिनियाँहरु चीनमा बन्ने फिल्मको स्टोरीलाइन र ट्रिटमेन्टमै प्रश्न गर्दछन् । बलिउडका प्रशंसक तथा विदेशी फिल्म चीनमा भित्र्याउनेमध्येका एक चियानपिन ली आफ्नो विगत सम्झँदै आफू 'थ्री इडियट्स'को साइलेन्सरजस्तै पुस्तकको सुगारटान लगाउँथे । पूर्वी बेइजिङमा आफ्नै कार्यालयमा भेटिएका चियानपिन बिइङ ह्यूमन टिशर्ट लगाएका थिए । उनको ल्यापटपमा भारतीय फिल्मका क्लिप र भिडियो थिए ।

उनी भन्छन, 'थ्री इडियट्स र हिन्दी मिडियमजस्ता चलचित्रमा पारिवारिक सम्बन्ध तथा भावना समेटिएको छ, जुन चिनियाँ फिल्ममा हुँदैन । परिवार र प्रेम भारतीय फिल्मको केन्द्रमा हुन्छ । चिनियाँ फिल्ममा एक्सन, स्पेसल इफेक्टस तथा अचम्मका प्लट हुन्छन् जुन म बुझ्दै बुझ्दिनँ ।' चियानपिनले सन् २००८ मै थ्री इडियट्स हेरेका थिए । चियानपिनलाई साउथ इन्डियन फिल्म पनि उत्तिकै मन पर्छ । उनी भन्छन, 'म चाहन्छु कि चिनियाँहरु साउथ इन्डियन फिल्म हेरुन् । ती फिल्ममा एक्सनलाई बढाइचढाई गरेर देखाइन्छ । मानिस आकाशमा उडिरहेका हुन्छन् । केही समय त म पनि फिल्मका हिरोहरुले झैं रंगीविरंगी कपडा लगाएर हिँडे नि । त्यतिबेला मलाई साउथ इन्डियन फिल्म हेर्दैछु भन्ने आभाष हुन्थ्यो ।'

चीनमा स्थानीय र विदेशी फिल्मको व्यापार झण्डै ५०-५० प्रतिशत जस्तै नै रहेको छ । विदेशी चलचित्रलाई चीनमा कोटा सिस्टम लागू गरिएको छ । अर्थात हरेक वर्ष निश्चित संख्याका विदेशी फिल्म मात्रै चीनमा रिलिज हुने गर्दछ ।

चियानपिनका अनुसार चीनमा प्रत्येक वर्ष झण्डै ८ सय देखि ९ सयसम्म फिल्म रिलिज हुन्छन् । तीमध्ये ३ सयदेखि ४ सय मात्रै हलसम्म पुग्ने गर्छन् । अरु अनलाइन वा टेलिभिजनमा सीमित हुन्छन् वा रिलिज हुनै पाउँदैनन् । चीनमा धेरै फिल्म युवालाई केन्द्रित गरेर बनाइएको हुन्छ । गएको वर्ष बनेको वोल्फ वारियर २ ले बक्स अफिसका ५ अरब ६० करोड युआन कमाएको थियो । चीन घुम्दै गर्दा मलाई थाहा भयो कि ५०-५५ वर्षका केही मान्छेलाई राज कपूरको फिल्म 'आवारा' को टाइटल ट्र्याकको धुन थाहा छ । 'आवारा हूँ' लाई उनीहरु 'आवालागू' भनेर गाउने गर्छन् ।

आवारा, जितेन्द्र तथा आशा पारेखको 'कारवां' जस्ता फिल्मका गीत पनि चिनियाँहरु गुनगुनाउने गर्दारहेछन् । त्यस्तै एक हुन् स्टार फिल्म्सका प्रमुख एलेन ल्यू । बेइजिङको छाओयांग इलाकामा उनको अफिसमा पुग्दा 'सिक्रेट सुपरस्टार' का पोस्टर देखिन्थे ।

जब एलेन १०-११ वर्षका थिए, उनले हेरेको पहिलो फिल्म नै हिन्दी फिल्म 'आवारा' थियो । यो सन् १९८० को दशकको सुरुवातको कुरा हो । उनी सम्झन्छन, 'प्रत्येक हप्ता म बुवाआमासँग एउटा ठूलो मैदानमा फिल्म हेर्न पुग्थेँ । जहाँ ठूलो पर्दामा फिल्म देखाइन्थ्यो । हामी कुर्सीमा बसेर फिल्म हेर्ने गर्थ्यौं । मैले हेरेको पहिलो फिल्म नै आवारा थियो । मेरो बुवाका उमेरका मान्छेहरु 'आबालागू' गीत गाउने गर्थे । त्यसपछि मलाई मन परेको अर्को फिल्म भनेको चिनियाँ नाम दा पंग छू (कारवां) हो ।'

ऐलनका अनुसार ७० र ८० को दशकमा चीनमा कमर्सियल थिएटर थिएनन् । धेरैजसो मान्छे ५ सय क्षमताका कल्चरल थिएटरका पर्दामा फिल्म हेर्ने गर्थे । विदेशी फिल्मलाई डब गरेर देखाइन्थ्यो । कुटनीतिक तथा अन्य कारणले गर्दा भारतीय फिल्मले लामो समयसम्म चीनमा प्रवेश पाएन । दंगलले चीनमा झण्डै एक अरब ३० करोड युआनको व्यापार गर्‍यो । दंगल चीनका विभिन्न ठाउँका ९ हजार स्क्रिनमा देखाइएको थियो । चिनियाँ सिनेमाकै इतिहासमा दंगलले विभिन्न रेकर्ड पनि राख्यो ।

ऐलन भन्छन, 'सन् २०१५ मा चीन सरकारको निवेदनमा भारतीय फिल्म चीन ल्याउने प्रक्रिया सुरु भयो । भारतीय फिल्मले थिएटरमा खासै प्रभाव राख्दैन कि भन्ने पनि लाग्यो किनकि यो पहिलो पटक हुँदै थियो ।' चीनमा धर्म निकै संवेदनशील विषयवस्तु रहेको छ । पीके धर्मकै बारेमा थियो ।

पीकेको सफलतापछि ऐलनले बाहुबली, फ्यानजस्ता फिल्म पनि चीन भित्र्याए तर सोचेजस्तो सफलता प्राप्त भएन । त्यसपछि उनले दंगल लिएर आए । दंगल रिलिज हुँदै गर्दा ऐलनले एउटा टिकेटिङ एपमाथि मानिसहरुको प्रतिक्रिया हेरिरहेका थिए ।

चिनियाँ फिल्म इन्डस्ट्रीसँग जोडिएका मानिसहरुका अनुसार चीनमा हलिउड र बलिउड फिल्म किन्ने प्रक्रिया लगभग एउटै हो । डिस्ट्रिब्यूटरलाई एउटा न्यूनतम ग्यारेन्टी दिनुपर्छ, कहिलेकाहीँ त उनीहरुलाई मुनाफाको हिस्सा पनि दिनुपर्छ । एक फिल्म खरिदकर्ताका अनुसार चीनमा अहिले हलिउडभन्दा पनि भारतीय फिल्मको मूल्य बढी भएको छ ।

ऐलन भन्छन, 'चिनियाँ खरिदकर्ता सबै भारतीय फिल्म एकदमै उच्च मूल्यमा किनिरहेका छन् । म यसैमा चिन्तित छु । यदि जस्तो पायो त्यस्तै भारतीय फिल्म चीनमा ल्याइरहने हो भने भारतीय फिल्मको छवि पनि नराम्रो हुन्छ ।'

ऐलनले आमिर खानको एउटा फिल्म चीनमा रिमेक गर्दैछन । उनले कबिर खानसँगको को-प्रोडक्सनमा त्यो फिल्मको रिमेक गर्नेछन् । ऐलनले राम्रा चिनियाँ फिल्मलाई छिट्टै भारतीय बजारमा पनि प्रवेश गराउने योजना रहेको बताए । - बीबीसी हिन्दीबाट

- गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।

- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयागकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।

- चुरोट बिंडीजस्ता वस्तुहरू प्रयोग पश्चात् जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं ।

- पेट्रोल, डिजेल, ग्यागमी मौसममा हुनसक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

प्रो. हसना श्रेष्ठ
हसना लेडिज टेलर्स
मध्यपुर थिमि-१५, सुन्दरनगर चारदोबाटो
फोन नं. ०१-६६३३६५२
मो. ९८४१३६२५७१
आकर्षक एवं आधुनिक डिजाइनका कुर्ता, सलवार, ब्लाउज लगायत सम्पूर्ण लेडिज ड्रेस सिलाउनको लागि हामीलाई सम्झनुहोस् ।

इन्द्रेणी पोलिटेक्निक इन्ष्टिच्युट
सिटिईभिटीबाट सम्बन्धन
मध्यपुर थिमि-१५, गठ्ठाघर,
युवा स्वराजगार कार्यक्रमको लागि कृषि, इलेक्ट्रीकल्स, कार्पेन्टर, प्लम्बर, वाटर पम्प मर्मत, आल्मुनियम एण स्टेनलेस स्टिल फेब्रिकेटर, कम्प्यूटर, स्टिल

Ganga Digital Electronics
Madyapur Thimi-13 Shankhadhar Chowk
Phone 6637615
(नयाँ शाखा मध्यपुर हस्पिटलसँगै)
Ph. 6638743
KONKA Whirlpool ROWA WEGA SONY force SAMSUNG LG

पार्टी प्यालेसको दुनियाँमा एक उत्कृष्ट नाम
शंखधर पार्टी प्यालेस
सम्पर्कः ६६३८१६५, ९८४१४१६९११ (श्याम सुन्दर श्रेष्ठ), ९८४१३६८५३५ (पुरुषोत्तम श्रेष्ठ)
शंखधरचोक, मध्यपुर थिमि-१३ (शंखधरचोकबाट ५० मिटर दक्षिणतर्फ)
अत्याधुनिक सुविधासहित रमणिय पारिवारिक वातावरणमा विवाह, ब्रतवन्ध, तथा अन्य शुभकार्य लगायत सेमिनार एवं विविध प्रदर्शनीको लागि सधैं सम्झनुहोस् ।

स्तरीय कपडाका साथै भरपर्दो सिलाईको लागि
तुल्सी टेलर्स
लेडिज एण्ड जेन्ट्स
सर्टिङ्ग सुटिङ्ग सेन्टर
मध्यपुर थिमि शंखधर चोक
(काठमाडौं जाने बसस्टपसँगै पहिलो
मो. ९८४१-२९९३४९ फोन नं. ६६३५७७०
अफिस, स्कूल र कलेजको ड्रेस सिलाउनुका साथै टाई पिन, बेल्ट र पर्सहरु पनि पाईन्छ ।

राजभक्त श्रेष्ठ
९८५११०४०७३
बिजेन श्रेष्ठ
९८०१०६७८८६
९८०३१२२१३३
राज अटो पार्टस
मोटरसाईकलको पार्टस र एसेसरिज
मध्यपुर थिमि-१५, गठ्ठाघर, भक्तपुर
फोन नं ०१-६६३०६६६
गठ्ठाघरचोकबाट सानोठिमी जाने बाटोमा
email: bikertimes46@yahoo.com

R. P. ELECTRONICS
Madhyapur Thimi-13, Shankhadhar Chowk
Ph. 01- 6631729, Mo. 9841300905, 9841113182
SAMSUNG CG LG IDEA Himstar NOKIA ark EXIDE Su-Kam

इमेलः thimi_times@yahoo.com
इमेलः thimitimes.weekly@gmail.com
वेवपेजः http://www.thimitimes.com.np

थिमि TIMES
8 Aug. 2018 Wednesday

सुनवाई.......

पाण्डे, योगेश भट्टराई, पार्वत गुरुङ लगायतका सांसदहरु प्रधानमन्त्री ओली र अर्का अध्यक्ष प्रचण्ड भएतिर गए । प्रधानमन्त्री ओलीले प्रधानन्यायाधीशको सुनुवाईबारे के गर्ने भनेर छलफल गर्न संसदीय सुनुवाई विशेष समितिमा रहेका नेकपाका सदस्यहरुलाई बोलाएका थिए ।

प्रधानमन्त्री ओलीले 'सुनुवाई बारे छलफल गर्नुछ' भनेपछि नेकपाका अर्का अध्यक्ष प्रचण्ड, संसदीय दलका उपनेता सुवास नेम्वाङसमेत बालुवाटारकै एउटा कोठामा छिरे । त्यहाँ योगेश भट्टराई, सुरेन्द्र पाण्डे र पार्वत गुरुङहरुले अघिल्लो दिन भएको जोशीमाथिको सुनुवाईबारे ओली र प्रचण्डलाई ब्रिफिङ गरे ।

स्रोतका अनुसार त्यतिबेलासम्म ओली र प्रचण्ड दुबै नेताहरु जोशीलाई अनुमोदन गर्नुहुँदैन भन्ने लाइनमा थिएनन् । उनीहरु केही अलमलमा जस्तै देखिन्थे । त्यसैले ओली र प्रचण्ड दुबैले सांसदहरुलाई राय लिएका थिए । तर, त्यहाँ सुनुवाई समितिका सदस्यहरुले भने जोशी कमजोर रहेछन, हामी त उनका कुरा सुनेर निराश भयौं भन्ने जवाफ शीर्ष नेताहरुलाई दिए । सुनुवाई समितिमा जोशीको प्रस्तुतीप्रति असन्तुष्ट देखिएका सत्तारुढ दलका सांसदहरुले बालुवाटारको सोही छलफलमा पार्टी नेतृत्वलाई सोधेका थिए- 'अब के गर्ने ?'

बालुवाटारमा प्रधानमन्त्री ओलीलाई भेट्दा जोशीले सुनुवाई समितिमा जस्तै कमजोर प्रस्तुती देखाएछन, जसले ओलीलाई उनीप्रति 'इरिटेट' बनायो । जोशीको त्यो भेटप्रति प्रधानमन्त्री ओली सन्तुष्ट भएनन् । जोशीसँग बालुवाटारमा त्यस दिन के कुराकानी भएको थियो भन्ने त ओली र प्रचण्डले पार्टीका सांसदहरुलाई विस्तृतमा त सुनाएनन, तर जोशीको प्रस्तुती चित्त नबुझेको सुनाए । प्रधानमन्त्रीले कार्यपालिका र न्यायपालिकाबीच धेर द्वन्द्व नहोस् भन्ने चाहेको भन्दै एक सांसदले भने, 'जोशी म पनि प्रजातन्त्रका लागि लडेको हुँ । संविधान, कानुनले दिएसम्म सहयोग गर्छु भन्ने भावमा प्रस्तुत भएको बुझियो ।'

सुनुवाईमा दिएको प्रस्तुति नेकपाका सांसदहरुलाई चित्त नबुझेको र बालुवाटारको भेटबाट मुख्य नेतृत्व पनि आश्वस्त हुन नसक्नु जोशीका लागि घातक बन्यो । त्यही बालुवाटारको छलफलमा नेकपा नेताहरुवीच कुरा उठ्यो- 'यी जोशी नेकपाका पनि हैनन, अब आउने प्रधानन्यायाधीश पनि नेकपा नजिकका होइनन, यिनको प्रमाणपत्र र फैसलाहरुमाथि प्रश्न उठिसकेको छ, सारा सोसियल मिडियामा उनलाई अनुमोहन नगरियोस् भन्ने दबाव आइरहेको छ, हामीले जोशीलाई किन बोकिरहने ?'

ओली र प्रचण्डले सुनुवाइ समितिका सदस्यहरुसँग जोशीलाई अस्वीकार गर्नु त भनेनन, तर उनीबारे खोजविन गर्न 'ग्रिन सिग्नल'सम्म दिएको भेटमा सहभागी एक सांसदले बताए ।

त्यसपछि बालुवाटारबाट नेताहरु संसदमा गए । सुनुवाइ समितिको बैठक बस्नुपूर्व नेकपाका सांसद सुरेन्द्र पाण्डेले कांग्रेसका ज्ञानेन्द्रबहादुर कार्कीलाई खुसुक्क सुनुवाई समितिको बैठक सार्ने प्रस्ताव राखे । कार्की बैठक सार्न सहजै तयार भए । लगत्तै जेष्ठ सदस्यको हैसियतमा बैठकको अध्यक्षता गरिरहेका लक्ष्णणलाल कर्णलाई भनियो र सुनुवाई समितिको बैठक सहजै स्थगित भयो ।

नेकपा स्रोतका अनुसार यदि त्यो दिन बैठक बसेको भए पनि जोशीको अनुमोदन हुने सम्भावना थियो । किनकि नेकपाका सांसदहरुले जोशीका कमजोरीहरु केलाउन भ्याइसकेका थिएनन् र नेताहरु जोशीलाई अस्वीकृत गर्दा आइपर्ने झमेला ब्यहोर्न मानसिक रुपमा तयार भइसकेका थिएनन् । तर, कांग्रेसका सांसदहरु सहजै बैठक स्थगित गर्न तयार भइदिँदा नेकपाका सांसदहरुलाई सहज भयो ।

स्रोतका अनुसार साउन १५ गते कांग्रेसले देशव्यापी विरोध कार्यक्रम आयोजना गरेकाले ज्ञानेन्द्र कार्कीले नै नभ्याइने बताएका कारण बैठक सार्न सजिलो भयो । यसरी कांग्रेसका सांसदहरुले बुद्धि पुऱ्यानन् र नेकपा नेताहरुलाई पटक/पटक सजिलो बनाइदिए । अहिले कांग्रेसका नेताहरु जोशीको नाम अनुमोदन नहुनुमा नेकपाका नेताहरुलाई एकोहोरो दोष लगाइरहेका छन् । तर, यसमा कांग्रेसको कमजोर भूमिकाले पनि काम गरेको नेकपा नेताहरु सुनाउँछन् । यो बीचमा योगेश भट्टराई लगायतका नेकपा सांसदहरुले जोशीको शैक्षिक प्रमाणपत्र र विवादास्पद फैसलाहरु मगाएर अध्ययन गरे । एक सांसद भन्छन, 'इलाममा हुँदा गरेको फैसलासमेत मगाएर हेरियो ।'

यसवीचमा जोशीले पनि आफ्नो लबिङ र दौडधूप बढाए । उनले प्रधानमन्त्री ओलीलाई भेट्ने प्रयास गरे । उनी जति नेताको घरदैलो धाउँथे, त्यति वातावरण बिग्रिँदै गइरहेको थियो । हुन त जोशीले सुनुवाई हुनुभन्दा धेरै पहिले नै नेताहरुको घर चाहारेर आफ्नो छवि धुमिल पारि सकेका थिए ।

जोशी कहीँ न कहीँ गलत छन् र त नेताहरुकहाँ धाइरहेका छन् भन्ने समितिका सदस्यहरुलाई लाग्यो । त्यसपछि उनीहरु विभिन्न च्यालन मार्फत विजय मेमोरियल स्कुलदेखि परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीसम्म पुगेको स्रोतले बताए ।

स्रोत भन्छ- 'हामीले पूर्वन्यायाधीशदेखि अधिवक्ताहरुसँग पनि कुरा गऱ्यौं तर, कोहीबाट सकारात्मक कुरा आएन, त्यसैले हामी अनुमोदन नगर्ने निर्णयमा पुग्यौं । ओली र प्रचण्ड पनि कन्भिन्स भए ।' यसवीचमा नेकपाका केही सांसदले १५ गते राति नै पार्टीका शीर्षनेताहरुलाई अलग-अलग रुपमा भेटेर अध्ययनका क्रममा पाएका तथ्यहरु सुनाउँदै जोशीलाई अस्वीकृत गरौं भनेका थिए । जोशी आफैंमा विवादास्पद पात्र भएको र उनलाई घर पठाउँदा डा. केसीको अनसनका बेला गिरेको सरकारको साख पनि फर्किने उनीहरुको तर्क थियो । त्यसमा शीर्ष नेताहरुले सहमति जनाएको नेकपाका नेताले बताए ।

योबीचमा प्रस्तावित प्रधानन्यायाधीश जोशीले एक-पटक प्रधानमन्त्रीलाई भेटेका पनि थिए । तर, त्यसपछि ओली झनै पार्टीका सांसदहरुको प्रस्तावमा सहमत भए । तत्कालीन माओवादीका अध्यक्ष प्रचण्ड पहिलोपटक प्रधानमन्त्री हुँदा नेपाली सेनाका सेनापति रुकमाङगत कट्वाललाई हटाए । उनले कुलबहादुर खड्कालाई सेनापति बनाए । तर, राष्ट्रपतिले कटवालको पद थमौती गरेपछि प्रचण्ड आफैं सरकारबाट हटे ।

माओवादीले संविधान बनाउने क्रममा अदालतमा ठूलो उथलपुलथ ल्याउन खोजेको थियो । तर, कांग्रेस र तत्कालीन एमाले तयार नभएका कारण सम्भव भएन । तर, सम्झौताका रुपमा सुनुवाईको व्यवस्था आयो । त्यही समितिमार्फत नेकपाका सांसदहरुले पहिलोपटक प्रस्तावित प्रधानन्यायाधीश जोशीलाई अस्वीकार गरेका छन् । यो निरन्तरतामा क्रमभंगता भएको उनीहरुको दाबी छ ।

प्रमुख विपक्षी कांग्रेसले यसलाई न्यायालयमाथिको आक्रमण र अदालतलाई नियन्त्रणमा राख्ने प्रयास भनेको छ । तर, नेकपाका सांसदहरु भने त्यो मान्न तयार छैनन् । उनीहरु भन्छन, 'लाइनमा रहेकाहरुले पनि फैसलाको ट्र्याक रेकर्ड रहन्छ । गलत गर्दा भोलि सुनुवाई समितिले हेर्छ भन्ने सन्देश दिइएको मात्र हो ।'

भक्तपुर......

मात्र हुने भएकाले यती चर्चा पाउने गरेको थिएन र भक्तपुर डुबानमा भन्ने समचारको शिर्षक पनि बन्ने गरेको थिएन । दोष कसको हो त ? भन्ने बिषय समेत पहिलो बनेको छ, यो बाढीको कहरमा परेको क्षेत्रमा बसेको बस्तीको अवलोकन पश्चात । हनुमन्तेको प्राकृतिक बहावमा देखिएको परिवर्तन र यसको अतिक्रमण समेत सो क्षेत्र डुवानको प्रमुख कारण बनेको जानकारहरु बताउँछन् । उनीहरु भन्छन् थिमि नपाको यो क्षेत्र हरेक बर्ष डुबानमा पर्दै आएको थियो तर दुर सोच बिनै यो क्षेत्रमा बस्ती बसाल्नु पनि डुवानको प्रमुख कारण देखिन्छ । बस्ती बिस्तारसँगै उक्त क्षेत्रको ब्यवस्थापन हुन नसक्दा यो क्षेत्रमा बस्नेहरुले हरेक बर्ष डुबानको पिडा खेप्नु परेको देखिन्छ ।

यस सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि. को यही मिति २०७५ श्रावण १४ गतेदेखि बचत तथा ऋणमा निम्न अनुसार व्याज परिवर्तन भएको सम्पूर्ण सदस्य महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सिद्धार्थ बिशेष बचत	७.५%	सिद्धार्थ नियमित बचत	९%	सिद्धार्थ चाडपर्व बचत	८.५%
सिद्धार्थ नारी बचत	७.५%	सिद्धार्थ ऐच्छिक बचत	९%	सिद्धार्थ अनिवार्य	९%

सिद्धार्थ क्रमिक बचत

अबधि	व्याजदर	अबधि	व्याजदर
३ महिने	७.५%	१ बर्ष	९%
६ महिने	७.५%	२ बर्ष	९.५%

सिद्धार्थ बाल बचत

अबधि	व्याजदर	अबधि	व्याजदर
३ बर्ष	१०%	७ बर्ष	११%
४ बर्ष	१०.२५%	८ बर्ष	११.२५%
५ बर्ष	१०.५%	९ बर्ष	११.५%
६ बर्ष	१०.७५%	१० बर्ष	१२%

सिद्धार्थ गृहणी बचत योजना

सि. नं.	मासिक बचत	व्याजदर
१.	१०००।-	८%
२.	२५००।-	९%
३.	५०००।-	१०%

- ३/३ महिनामा व्याज बचतमा पूँजीकृत गरिने छ

सिद्धार्थ लखपति बचत योजना

सि. नं.	मासिक बचत	एकमुष्ट रकम
१.	१३००।-	१,००,०००।-
२.	२६००।-	२,००,०००।-
३.	३८५०।-	३,००,०००।-
४.	५१००।-	४,००,०००।-
५.	६३००।-	५,००,०००।-

- सिद्धार्थ गृहणी, युवा तथा लखपति बचत योजनामा बचत अनुसार मायाको सौगातहरु तथा २ लाखको मृत्यु दुर्घटना बिमा संस्थाले गरिदिने ।

सिद्धार्थ युवा बचत योजना

अबधि	व्याजदर	व्याजदर
१.	२५००।-	८%
२.	५०००।-	९%

- दैनिक मौज्दातमा व्याज दान गरिनेछ ।
- ३/३ महिनामा व्याज बचतमा पूँजीकृत गरिने छ

सिद्धार्थ आवधिक बचत

अबधि	३/३ महिना	६ महिना	एकमुष्ठ
१ बर्ष	११%	११.२५%	११.५%

- तीन महिनामा व्याज प्रदान गरिने छ ।
- जेष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएकालाई साविक दरमा थप १% व्याज प्रदान गरिने छ ।
- आवश्यकता अनुसार उहाँहरुलाई मासिक तथा त्रैमासिक व्याज भुक्तानीको व्यवस्था ।

ऋण लगानी व्याजदर

सि. नं.	ऋण	व्याजदर	सि. नं.	ऋण	व्याजदर
१.	व्यापारिक ऋण	१५%	६.	शैक्षिक ऋण	१५%
२.	आवास ऋण	१५%	७.	सामाजिक ऋण	१४%
३.	हायर पर्चेज ऋण	१५%-१६%	८.	कृषि ऋण	१५%
४.	सामुहिक जमानी ऋण	१६%-१७%	९.	स्वास्थ्य उपचार ऋण	१५%
५.	सिद्धार्थ सरल ऋण	१८%	१०.	मुद्दती रसिद धितो ऋण	थप ३%

- मासिक भुक्तानीमा १ प्रतिशत व्याज छुट ।

सिद्धार्थ
बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि-४, शंखधरचोक, भक्तपुर
फोन नं ०१-६६३३२४६

धुम्रपानको सेवनले स्वयं आफू, आफ्नो परिवार र वातावरणलाई नै श्वास-प्रश्वास रोगी बनाउँछ ।

धुँवा, धुलो, मट्टितेलको खारबाट जोगिनु नै आकस्मिक श्वास-प्रश्वास रोग लाग्न नदिनु हो ।

श्वास फेर्न गाह्रो हुनु, ज्वरो उच्च हुनु र कोखा हान्नु श्वास-प्रश्वास रोगका लक्षण हुन् ।

श्वासप्रश्वासमा समस्या देखापरेमा नजिकको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क राख्नुपर्छ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र
दुलेगौडा, तनहुँ

"सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवाका लागि"
निवारण पोलि क्लिनिक
मध्यपुर थिमि-३, गठ्ठाघरचोक, भक्तपुर ।

यहाँ विशेषज्ञ डाक्टरहरुद्धारा निम्न रोगहरुको स्वास्थ्य परीक्षण भइरहेको छ ।

१. हृदय रोग
२. मधुमेह तथा थाइराइड समस्या
३. ज्वरो तथा सामान्य रोग
४. छाती रोग तथा दम रोग
५. बाल रोग
६. नाक, कान घाँटी रोग
७. स्त्री तथा प्रसुती
८. सर्जिकल रोग
९. दन्त रोग
१०. छाला तथा यौन रोग
११. मानसिक रोग
१२. हाड जोर्नी तथा नशा रोग

हाम्रा अन्य सेवाहरुः

१. फार्मेसी
२. ल्याव
३. अल्ट्रा साउण्ड
४ इ.सी.जी तथा इको
५. फिजियोथेरापी
६. माइनर सर्जरी

डाक्टरहरुद्धारा चेकअपको लागि अग्रिम जानकारी गर्न हुन अनुरोध गर्दछौं ।
फोन नं. ०१- ६६३६४७२

मो नं. ९८४१३७७४४०, ९८४१६२१७३७
प्यासिफिक फुड ल्याण्ड
मध्यपुर थिमि, भक्तपुर-१४, (अरनिको हाइवेसँगै बालकुमारी कोलोनीसँगै)
यहाँ २०० जना सम्मको लागि शुभ कार्य तथा सेमिनार गोष्ठी कार्यक्रम गर्न हलको व्यवस्था पनि छ । साथै क्याटरिङको व्यवस्था पनि छ ।

प्रगती टेलर्स
लेडिज एण्ड जेन्ट्ससर्टिङ्ग सुटिङ्ग सेन्टर
अमर पार्टी प्यालेस अगाडि, दक्षिणबाराही मार्ग
मो. ९८४१-२९३२६६ फोन नं. ६६३२०४६
बिगत २१ बर्ष देखि निरन्तर रुपमा सेवा दिदैं आईरहेको

मध्यपुर इलेक्ट्रीक सेन्टर
मध्यपुर थिमि नपाः१५, गठ्ठाघर
kf] kd s[0f >]7
मो. नं. ९८४१-६५८४३४
फोन नं. ०१-६६३४६१६

कम्प्यूटर होलसेल
cartridge refill & Sales
Computer sales and repairing
Computer networking
Inverter, Battery & DVR (c/c camera)
Global IT Support
Sundar Shrestha
Shankhadhar Chowk, Thimi
www.sundarxstore.com
Next to Yachu Party Venue
Ph: 01-6638110

तपाईहरुकै चिरपरिचित
प्रो. अष्टबज्र बज्राचार्य
हिराबज्र ज्वेलरी
मध्यपुर थिमि-१३, शंखधर चोक
Hira Bajra Jewellery
MADHYAPUR THIMI-13, SHANKHADHAR CHOWK
Tel: 6632809
सुखको गहना, दुःखको खजाना

प्रकाशक/कार्यकारी सम्पादकः दीपक श्रेष्ठ, सम्पादकः ई. सूर्य बहादुर प्रजापति सम्बाददाताः गोपाल (न्हां) श्रेष्ठ, दिपीका श्रेष्ठ कार्यालयः सुन्दरनगर, मध्यपुर थिमि-३, भक्तपुर, फोनः ६६३३६५२, ९८५११०२२७३, ५५४३४६९ (ललितपुर) मुद्रणः धिम्ले अफसेट प्रेस, अनामनगर, सल्लाहकारः मदनकृष्ण श्रेष्ठ, कृष्णमोहन जोशी, कृष्णलाल गोजा श्रेष्ठ